का.जि.प्र.का.द.नं. १००/०५९/६०
१६ पुस २०८१,
मंगलबार
31 December, 2024
Tuesday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्नुस्

वर्ष २२, अंक ३११ । पृष्ठ १० | Madhyanha National Daily | www.madhyanhadaily.com

# आरोप-प्रत्यारोपमा एमाले-माओवादी

गिरी बन्धु टी-स्टेटको जग्गा प्रकरणसँग जोडेर प्रधानमन्त्री केपी शर्मा ओलीको आलोचना माओवादी केन्द्रले गरिरहेको छ । यही बेला एमालेले नुवाकोटको शेरा दरबारको जग्गा देखाएर माओवादी अध्यक्ष प्रचण्डलाई प्रश्न गर्न थालेको हो



कांग्रेस नेतृत्वले बालकोट पुगेर नक्कली भुटानी शरणार्थी काण्डमा बचाउनुस्, प्रधानमन्त्री खानुस् भनेपछि, बेचन झाहरू पक्राउ परेपछि नयाँ सरकार बन्यो

■ **वर्षमान पुन**
उपमहासचिव
माओवादी केन्द्र



राजनीतिक स्थिरता, अर्थतन्त्र सुधार र सुशासनमा सरकारले काम गरिरहेको छ । यो बेला सरकारको विरोध गर्नुको सट्टा रचनात्मक सहयोग गर्नु आवश्यक छ

■ **शंकर पोखरेल**
महासचिव
एमाले

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, १५ पुस ।

सरकारको नेतृत्वकर्ता दल नेकपा एमाले र प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्र आरोप-प्रत्यारोपमा उत्रिएका छन् ।

गिरी बन्धु टी-स्टेटको जग्गा प्रकरणसँग जोडेर प्रधानमन्त्री केपी शर्मा ओलीको आलोचना माओवादी केन्द्रले गरिरहेको छ । यही बेला एमालेले नुवाकोटको शेरा दरबारको जग्गा देखाएर माओवादी अध्यक्ष प्रचण्डलाई प्रश्न गर्न थालेको हो ।

सोमबार माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' एमाले अध्यक्षसमेत रहेका प्रधानमन्त्री ओलीको निर्वाचन क्षेत्र झापा- ५ को गौरीगंज गाउँपालिका वडा- ३ पुगेका थिए । गौरीगंजमा गाउँ सम्मेलनलाई सम्बोधन गर्दै प्रचण्डले गिरी बन्धु, ओम्नी, नक्कली भुटानी शरणार्थी प्रकरणलाई पर्दाफास गरेरै छाड्ने बताए । गिरी बन्धुको विषय उठेपछि आफू नेतृत्वको सरकार ढलेको भनेर प्रचण्डले ओलीको आलोचना गरे ।

'गिरी बन्धुको कुरा उठेपछि एमालेको हेडक्वार्टर तानिने अवस्था आयो । बेचन झा पक्राउ परेपछि सुई अर्कातिर सोझियो अनि रातारात गठबन्धन तोडियो र अप्राकृतिक गठबन्धन बन्यो', नयाँ सरकार गठनबारे प्रचण्डको टिप्पणी छ ।

आफ्नो पार्टीको आलोचना गर्न शेरा दरबारको जग्गामा जोडेर प्रचार गरिएको भन्दै प्रचण्डले आपत्ति जनाए ।


'१२-१५ वर्षअघि पार्टी छाडिसकेका मान्छेको जग्गाको विषय पृष्ठ २ मा




# अन्ततः आफ्नै पार्टी

नेकपा एमालेबाट निष्कासनमा परेका भीम रावलले अन्ततः आफ्नै नेतृत्वमा पार्टी बनाउने भएका हुन् । गैरकम्युनिस्ट नाम राखेर समाजवादी पार्टी बनाउने योजना लिएर रावल देश दौडाहमा निस्कँदै छन्

**जानकी पाठक/मध्यान्ह**
काठमाडौं, १५ पुस ।



भीम रावलले अन्ततः आफ्नै पार्टी बनाउने भएका छन् । नेकपा एमालेबाट निष्कासनमा परेका रावलले अन्ततः आफ्नै नेतृत्वमा पार्टी बनाउने भएका हुन् । गैरकम्युनिस्ट नाम राखेर समाजवादी पार्टी बनाउने योजना लिएर रावल देश दौडाहमा निस्कँदै छन् ।

रावल निकट नेताहरूका अनुसार यही १७ पुसमा पार्टी निर्माणसम्बन्धी जानकारी दिन पत्रकार सम्मेलन आयोजना गरिँदै छ । रावलका अनुसार बुधबार नै पार्टी घोषणा हुने छैन । तर, देश दौडाहमा जानु अगाडि पार्टी निर्माणसम्बन्धी जानकारी दिन पत्रकार सम्मेलन गर्न लागिएको हो ।

रावललाई गत १० पुसमा एमालेले पार्टी सदस्यबाट हटाउने निर्णय गरेको थियो । उक्त निर्णयलगत्तै रावल पार्टी निर्माणको अभियानमा जुटेका हुन् । रावलले हालै एमालेमा निष्क्रिय रहेका र अन्य नेताहरूसँग समेत संवाद गरेका छन् । संवादका क्रममा ती नेताहरूले एमाले अध्यक्ष केपी शर्मा ओलीको लोकप्रियता कम हुँदै गएको र एमालेमा असन्तुष्टहरूको समूह रहेको तथा यो समयमा नयाँ पार्टी बनाएर अगाडि बढ्दा सहज हुन सक्ने सुझाएका छन् । यो सुझावसमेतलाई लिएर देश दौडाहमा निस्कन लागेको रावल निकट नेताहरू बताउँछन् ।

> उक्त पार्टीलाई "समाजवादी" तर "गैरकम्युनिस्ट" पार्टी बनाउने भन्दै रावलले कांग्रेस, नेकपा (एकीकृत समाजवादी)लगायतबाट विचलित भएका वा ती पार्टी छाडेर बसेका केही नेताहरुलाई समेत आफ्नो पार्टीमा गोलबद्ध गर्ने प्रयास गरिरहेका छन्

व्यापारी मीनबहादुर गुरुङले जग्गासहित एमाले पार्टी कार्यालय बनाइदिन लागेका छन् । यही विषयमा फरक मत राखेकै विषयलाई प्रमुख आधार बनाएर रावललाई एमाले सचिवालयले पार्टीबाटै निष्कासन गरेको हो ।

कतिपयले एमाले अध्यक्ष ओलीसँग निरन्तर असहमति राखेको र पार्टी कार्यालय बनाउन लागेको विषयमा आलोचना गरेकाले एमालेबाट रावल निष्कासनमा परेका टिप्पणी पनि गरेका छन् ।

३ वर्षअघि चितवनमा भएको नेकपा एमालेको १०औं महाधिवेशनमा अध्यक्षमा पराजित भएपछि रावल एमालेको भूमिकामा आउनै सकेका थिएनन् । सल्लाहकार परिषद्को सदस्यको रूपमा रावललाई ओलीले थन्क्याउन खोजेका थिए । अन्ततः पार्टीबाट निकालिए । अध्यक्ष ओलीको कार्यशैलीको आलोचना गर्ने शैलीले निरन्तरता पाउँदा रावल एमालेमा रहन नसकेका कतिपयको टिप्पणी छ । रावलले भाटभटेनीका संचालक गुरुङले पार्टीका लागि जग्गासहित भव्य कार्यालय बनाइदिने भनेर पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## वैदेशिक रोजगारीमा एआई प्रयोग बढ्न सक्ने

**मध्यान्ह संवाददाता**
काठमाडौं, १५ पुस ।

आगामी वर्ष सन् २०२५ मा वैदेशिक रोजगारीका परम्परागत परिदृश्यहरूमा उल्लेख्य परिवर्तन देखापर्न सक्ने आँकलन गरिएको छ । रोजगारदाता मुलुकहरूले अदक्ष कामदारको तुलनामा दक्ष श्रमिक आकर्षित गर्न थप लचिलो आप्रवासन नीति लिने पनि अनुमान छ ।

एआई अर्थात् आर्टिफिसियल इन्टेलिजेन्सको बढ्दो प्रयोगले आगामी दिनमा अन्तर्राष्ट्रिय श्रम बजारमा पाका उमेरका कामदार बढी प्रभावित हुने आँकलन पनि बढेको छ ।

अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ)ले गरेको विश्लेषणअनुसार आर्टिफिसियल इन्टेलिजेन्सले सबै कामको लगभग ४० प्रतिशतले प्रभावित गर्न सक्ने छ । अन्तर्राष्ट्रिय आप्रवासन संगठनद्वारा प्रकाशित विश्व आप्रवासन प्रतिवेदन, २०२४ अनुसार विश्वभर अनुमानित २८ दशमलव १ करोड मानिस आप्रवासी रहेका र त्यसमध्ये आप्रवासी पृष्ठ २ मा

## दमाममा २ दिने राहदानी नवीकरण शिविर

**अन्जान गुभाजु/मध्यान्ह**
दमाम, साउदी अरेबिया, १५ पुस ।

साउदी अरेबियाको पूर्वी प्रान्तस्थित दमाममा २ दिने विशेष राहदानी नवीकरण तथा वितरण शिविर सम्पन्न भएको छ । रियादस्थित नेपाली दूतावासको आयोजना र गैरआवासीय नेपाली संघ (एनआरएनए) साउदी अरेबियाको समन्वयमा शुक्रबार र शनिबार आयोजित शिविरमा १ हजार ५५७ जनाले राहदानी नवीकरणका लागि फारम भरेका थिए भने ४१० जनालाई नयाँ राहदानी वितरण गरिएको थियो ।

दमाम, जुबेल, अलहासा, खोबर, कतिफलगायतका विभिन्न स्थानबाट आएका नेपाली श्रमिकहरूले यस शिविरबाट लाभ लिएका छन् । शिविरले विशेषगरी नेपाली श्रमिकहरूको पृष्ठ २ मा

## धुनियाले पाएनन् काम

**जुनु भट्टराई/मध्यान्ह**
विराटनगर, १४ पुस ।

विराटनगर महानगरपालिका- ९ मधुमारा बसोबास गर्दै आएका महमद इस्लाम विगत २३ वर्षदेखि धुनियाको काम गर्दै आएका छन् । यही पेसाले उनको ५ जनाको परिवार पनि दुःखसुख पालिँदै आएको छ ।

गत वर्षदेखि भने बजारमा सिरक, डसना बनाउन आउने ग्राहक भेटिनै छाडेपछि यो पेसाले परिवार कसरी पाल्ने भन्ने चिन्ता सुरु भएको छ ।

५० वर्षीय मो. इस्लामसँग जाडो सुरु हुँदा नहुदै १ दिनमै ४०० देखि १ हजार ५०० सम्म कमाउने गरेको अनुभव छ । पहिलेपहिले १ दिनमा ८ देखी १० वटासम्म सिरक, डसना बनाउने गरेको सुनाउँछन् उनी ।

सानै उमेरदेखि सिरक, डसना बनाउने पेसामा लागिपरेका उनी अहिलेसम्म पनि सोही कार्य गरेर परिवारका ४ सदस्यको पालनपोषण गरिरहेका छन् । तर, यो वर्ष काम आउने छाँटकाँट नदेखिएपपछि उनमा पेसाप्रति नैराश्य पलाएको छ ।

'यो वर्ष पुस आधा हुन लागिसक्यो, खै ! एउटा पनि अर्डर आएको छैन, के कमाइ हुन्छ ?', मो. इस्लाम भन्छन्, 'यस्तै हो भने धुनियाको कामले अबका दिन खान पनि पुऱ्याउन गाह्रो छ ।'

मधुमाराका महमद मात्र होइन, तीनटोलियाका रफिक सेखको पनि पीडा उस्तै छ । धुनियाको कामबाट परिवार पालिरहेका उनलाई यस वर्षको बजारको अवस्थाले कामको विकल्प खोज्न बाध्य भएको बताउँछन् ।

बाबुका पेसागत बिँडो आफूले थामे पनि ९ वर्षे छोरालाई भने धुनियाको काममा नलगाउने निर्णय गरेका छन् उनले । 'यो मसँगै काम गर्दै आएको थियो तर अव मसँग राख्दिनँ', छेउमा खेल्दै गरेको छोरालाई देखाउँदै सेखले भने, 'धुनियाको काम मेरो हातमा त आउन छाड्यो, यसले के गर्छ ? त्यसैले अब जुत्ता-चप्पल सिलाउने काममा राखिदिन्छु ।' पृष्ठ २ मा



## जिमी कार्टरको नेपाल साइनो



**शिव वि. क./मध्यान्ह**
काठमाडौं, १५ पुस ।

अमेरिकी पूर्वराष्ट्रपति जिमी कार्टरको सय वर्षको उमेरमा सोमबार निधन भएको छ । अमेरिकाको जर्जियास्थित प्लेन्समा कार्टरको निधन भएको अन्तर्राष्ट्रिय संचार माध्यमहरूले जनाएका छन् ।

कार्टर अमेरिकाको ३९औं राष्ट्रपति हुन् । डेमोक्रयाटिक पार्टीबाट उनी सन् १९७७ देखि १९८१ सम्म अमेरिकाको राष्ट्रपति थिए । अमेरिकी राष्ट्रपतिहरूमा उनी धेरै बाँच्नेमा परे ।

सय वर्षसम्म बाँचेका कार्टर राष्ट्रपतिबाट बाहिरिएपछि उनले कार्टर सेन्टर खोलेका थिए, जसमार्फत संसारका ८९ देशहरूमा काम पृष्ठ २ मा

**Vacancy Announcement**

A leading foreign recruitment agency is seeking the following position urgently.

Pro - 5 (Male/Female)

Minumum 5 Years experience in related field of manpower.

SALARY - 25K + Commission

श्रम इजाजत नं. ९११/०६७/०६८

**Victory Nepal Pvt.Ltd.**
सिनामंगल १० पञ्चकुमारी मन्दिर कालीमाटीडोल, काठमाडौं
फोन नं: ०१४५९०२९६, Email: info@victorynepal.com मोबाईल नं.: ९८५११३१२२९

**JORDAN को 5 STAR HOTEL मा रोजगार**

HYATT REGENCY AQABA AYLA RESORT

कम्पनी: OASIS 33 COMPANY FOR THE DEVELOPMENT OF COMMERCIAL & RESIDENTIAL COMPLEXES/ HYATT REGENCY AQABA A शहर: AJMAN

पूर्व स्वीकृत मिति: २०८०/०३/०५ चलानी नं.: ६०२०३४६० LT. No.: 288078 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | USD | ने. रु. | | | | | | | |
| 1. | Housekeeper | 15 | 10 | सम्बन्धित काममा दक्ष | 400 | ५४,६२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Waiter (Waiters ) | 3 | 5 | | 400 | ५४,६२४ | | | | | | | |

प्रि अन्तर्वार्ता भइरहेको छ ।
फाइनल अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुष २३,२४,२५ गते (7,8,9 January 2025) मा हुनेछ ।

नोट: महिलालाई विषेश प्राथमिकता दिइनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

ThinkBiz
Govt. Lic. No. 1608/079/080

**THINK BIZ INTERNATIONAL PVT. LTD.**
Subhidhanagar Marg, Tinkune, Kathmandu, Nepal
www.thinkbiz.com.com cv@thinkbiz.com.np 01- 5914635
Mobile: 9841893053, 9849325814

मध्यान्ह
www.madhyanhadaily.com
१६ पुस २०८१, मंगलबार
31 December 2024, Tuesday

## एआईजी बज्राचार्यको अवकास

# उपत्यका प्रहरी प्रमुख रिक्त

**काठमाडौं/मस–** काठमाडौं उपत्यका प्रहरी कार्यालय रानीपोखरीकी प्रमुख अतिरिक्त महानिरीक्षक (एआईजी) किरण बज्रचार्यले आजदेखि अवकास लिँदैछिन्। ५६ वर्षे उमेर हदका कारण मंगलबारदेखि उनी अनिवार्य अवकास हुन लागेकी हुन् । एआईजी बज्राचार्यलाई सोमबार काठमाडौं उपत्यका प्रहरी कार्यालय रानीपोखरीले एक विशेष समारोहकाबीच बिदाइ समेत गरेको छ ।

बज्राचार्य गत साउन २२ गते काठमाडौं उपत्यका प्रहरी कार्याशलय प्रमुखमा सरुवा भएकी थिइन् । यसअघि एसपी हुँदा भक्तपुर र एसएसपीमा ललितपुरको प्रहरी प्रमुख भइसकेकी बज्राचार्य काठमाडौं उपत्यका प्रमुख बन्ने पहिलो महिला एआईजी हुन् ।

बज्राचार्य २०५१ साल चैत ५ गते प्रहरी निरीक्षकबाट सेवा प्रवेश गरेकी थिइन् । एआईजीसम्मै आफ्नो ब्याचबाट पहिलो लटमै उनी बढुवा हुँदै



आएकी थिइन्। । प्रहरी महानिरीक्षकको दाबेदार भएपनि सरकारले वसन्त बहादुर कुँवरलाई नियुक्त गरेको थियो। त्यससँगै उनी ५६ वर्षे उमेर हदका कारण ३० वर्षे सेवा अवधि पूरा नहुँदै अवकास भएकी हुन् । आगामी चैत ५ गते मात्रै उनको ३० वर्षे सेवा अवधि पूरा हुन्छ ।

सोमबार बिदाइ समारोहलाई सम्बोधन गर्दै एआईजी बज्राचार्यले नेपाल प्रहरी संगठनले सुम्पेको जिम्मेवारी व्यवसायिक रूपमा सक्षमताका साथ निर्वाह गर्न सहयोग गर्ने आफू मातहतका सम्पूर्ण प्रहरी कर्मचारीहरूलाई धन्यवाद व्यक्त गरिन् ।

आम नागरिकलाई न्याय र सुरक्षाको अनुभूति दिन संगठनको हकहितका लागि केन्द्रित भइ आफूले काम गरेको बज्राचार्यले बताइन् ।

बज्राचार्यले हरेक सेवा निवृत्त प्रहरी कर्मचारीले समेत नेपाल प्रहरी संगठनलाई सहयोग गर्नुपर्नेमा जोड दिँदै आगामी दिनमा पनि संगठनको श्रीवृद्धिका लागि रचनात्मक सहयोग गर्न आफू तयार रहेको बताइन् ।

प्रहरी नायव महानिरीक्षक (डीआईजी) ध्रुवराज राउतले एआईजी बज्राचार्य सेवा अवधिभर कुशल प्रशासक तथा सक्षम नेतृत्वकर्ता भएको बताउँदै प्रहरी सेवालाई अझै प्रभावकारी तथा नगारिकमैत्री बनाउनका लागि उनीबाट सल्लाह, सुझाव र निर्देशन निरन्तर प्राप्त हुने विश्वास व्यक्त गरे ।

बज्राचार्यलाई डीआईजी राउतसहित मातहतका कार्यालय प्रमुखले मायाको चिनो प्रदान गरेका थिए । बज्राचार्यको अवकाससँगै काठमाडौं उपत्यका प्रहरी प्रमुखविहीन भएको छ । एआईजी सरुवाको निर्णय मन्त्रिपरिषद् बैठकले निर्णय गर्नेछ ।

# बीपी उद्यानका तरकारी र फलफूल बजार खाली गराउन 'अल्टिमेटम'

**पर्सा/मस–** वीरगञ्ज महानगरले घण्टाघरचोकसँगै रहेको बिपी उद्यान अतिक्रमण गरेर तरकारी तथा फलफूल व्यापार गर्दै आएका व्यापारीलाई सात दिनभित्र खाली गर्न दोस्रोपटक 'अल्टिमेटम' दिएको छ ।

वीरगञ्ज महानगरका प्रमुख प्रशासकीय अधिकृत अरविन्दलाल कर्णले गत शुक्रबार दोस्रोपटक सार्वजनिक सूचना जारी गरेर सात दिनभित्र घण्टाघरस्थित बिपी उद्यान हाताभित्र सञ्चालनमा रहेका तरकारी तथा फलफूल बजार खाली गर्नका लागि आह्वान गरेका हुन् ।

महानगरले यसअघि मङ्सिर २६ गते १५ दिने सार्वजनिक सूचना जारी गरेर बिपी उद्यानमा राखिएका तरकारी तथा फलफूल बजार हटाउनका लागि निर्देशन दिएको थियो । सो म्याद पनि गत पुस १० गते सकिएको थियो। तर सो अवधिमा तरकारी तथा फलफूल व्यापारीले बिपी उद्यानको ठाउँ खाली गर्न अटेरी गर्दै आइरहेका छन् ।

वीरगञ्जको मुख्य स्थानमा रहेको अस्तव्यस्त बजारले यहाँको सौन्दर्यीकरणमा समेत समस्या पार्दै आइरहेको छ । प्रमुख प्रशासकीय अधिकृत कर्णले महानगरले बिपी उद्यानमा तरकारी तथा फलफूल बिक्री वितरण गर्दै आइरहेका व्यापारीलाई महानगर-१६ मा रहेको नगवास्थित कृषि बजारमा व्यवस्थापन गर्न लागेको जानकारी दिए ।

'महानगरले तोकिएको समयभित्रै तरकारी तथा फलफूल बजार खाली नगरेको खण्डमा सोही व्यापारी तथा व्यवसायीबाट खाली गराउँदा लाग्ने खर्च पनि उठाइनेछ,' उनले भने । बिपी उद्यान वीरगञ्ज महानगर-९ मा पर्छ। वीरगञ्ज महानगर-९ का वडाध्यक्ष जवाहरप्रसाद गुप्ताले तरकारी तथा फलफूल व्यापारीलाई उपयुक्त विकल्प दिएर बिपी उद्यान खाली गर्नुपर्ने बताए ।

'बिपी उद्यानलाई सौन्दर्यीकरण गरेर व्यवस्थित गर्न जरूरी भइसकेको छ । तर यहाँ तरकारी तथा फलफूल व्यापार गर्दै आइरहेका व्यवसायीलाई पायक पर्ने ठाउँमा व्यवस्थापन गर्नुपर्ने हुन्छ,' उनले भने,'वडा नम्बर १६ स्थित नगवास्थित कृषि बजारमा टाढा हुने सम्भावना रहेको छ । सोबाहेक अन्य ठाउँको विकल्पको विषयमा छलफल गर्दा राम्रो हुने देखिन्छ ।' महानगरले यो ठाउँमा बिपी उद्यानको व्यवस्थित गरेर वीरगञ्ज आउने पर्यटकका लागि नयाँ आकर्षणको केन्द्र बनाउने तयारी गरिरहेको छ ।

**आरोप-प्रत्यारोपमा...**

ल्याएर माओवादीको मानिस रहेछ भनेर शेरा दरबारमा प्रचार गरिएको छ । योभन्दा बेइमानी केही हुनै सक्दैन', प्रचण्डले भने । एमाले नेताहरूले शेरा दरबारको जग्गा सरकारको भएको बताइरहेका छन् । सरकारको भए तुरुन्तै सरकारका नाममा ल्याउन पनि एमाले नेतृत्वको सरकारलाई प्रचण्डको चुनौती छ ।

'ओली सरकारलाई म चुनौती दिन चाहन्छु, शेरा दरबारको जग्गा सरकारको हो भने तुरुन्त सरकारमा ल्याऊ, मेरो पूरै साथ हुने छ । तर, राजनीतिमा बेइमानी प्रचार नगरौं', अध्यक्ष प्रचण्डले भनेका छन् ।

नुवाकोटको विदुर नगरपालिका- २ मा रहेको शेरा दरबार पृथ्वीनारायण शाहको पालामा बनेको हो । दरबार र जग्गा गरी कुल १८४ रोपनी ४ आना क्षेत्रफलको जग्गा छ। दरबारको जग्गा कुनै एक कम्पनीका नाममा नियन्त्रणमा रहेको विषय बाहिर आएको छ ।

माओवादी अध्यक्ष प्रचण्ड मात्र होइन, अन्य नेताहरू पनि सरकार र सत्तारूढ दलप्रति आक्रामक रहेका छन् ।

माओवादी केन्द्रका उपमहासचिव वर्षमान पुन वर्तमान सरकार जनताको चाहना पूरा गर्नभन्दा बिचौलिया, भ्रष्टाचारी र सुशासनका बाधकहरूको रुचिअनुसार बनेको आरोप लगाउँछन् ।

माओवादी केन्द्र प्युठान जिल्ला, नौबाहिनी गाउँपालिकाको तेस्रो अधिवेशनलाई सम्बोधन गर्दै उनले भनेका छन्, 'देउवा बालकोट पुगेर नक्कली भुटानी शरणार्थी काण्डमा जसरी हुन्छ बचाउनुस्, प्रधानमन्त्री खानुस् भनेर ओलीलाई अफर गरे, बेचन झाहरू पक्राउ परेपछि जसरी हुन्छ हामीलाई बचाउनु, प्रधानमन्त्री लिनु भन्ने अफर भयो ।'

एमाले नेताहरूमा पनि एउटा तरंग भइरहेको र कांग्रेसको प्रस्तावपछि रातारात गठबन्धन बनेको उल्लेख गर्दै उनी भन्छन्, 'बिचौलियाहरूको डिजाइनमा सरकार बनाए ।'

एमालेका महासचिव शंकर पोखरेल भने राजनीतिक स्थिरतासहित देश विकासका पक्षमा सत्तारूढ दलहरू रहेका बताउँछन्। एमाले दाङको प्रचार तथा प्रकाशन विभागले सोमबार दाङको घोराहीमा गरको कार्यक्रमलाई सम्बोधन गर्दै महासचिव पोखरेलले सरकारको विरोध गर्नुको सट्टा रचनात्मक सहयोग गर्न प्रतिपक्षी दलहरूलाई आग्रह गरे ।

उनले भनेका छन्, 'मुलुकमा राजनीतिक स्थिरता, अर्थतन्त्र सुधार र सुशासनका पक्षमा सरकारले काम गरिरहेको छ। यो बेला सरकारको विरोध गर्नुको सट्टा रचनात्मक सहयोग गर्नु आवश्यक छ ।'

**अन्ततः...**

गरेको शिलान्यासको सदाझैं विरोध गरेपछि ओली रुष्ट भएका थिए ।

गत २५ असोजमा कीर्तिपुरमा बन्नेगरी भएको पार्टी कार्यालय भवनको शिलान्यासको विरोध गरेका रावल पार्टीबाट निष्कासित भए भने थप २ जना ६ महिनाका लागि निलम्बनमा परेका छन्। स्थायी कमिटी सदस्य विन्दा पाण्डे र केन्द्रीय सदस्य उषाकिरण तिमिल्सिना ६ महिनाका लागि पार्टीबाट निलम्बन गरिएको छ ।

विगतमा पार्टीमै रहेरसमेत नयाँ पार्टीको अभ्यासमा लागेको कतिपयको आलोचनाका बीच पार्टीबाट निष्कासनमा परेपछि रावलले अन्ततः आफ्नै पार्टी बनाउने भएका हुन् ।

उक्त पार्टीलाई 'समाजवादी' तर 'गैरकम्युनिस्ट' पार्टी बनाउने भन्दै रावलले कांग्रेस, नेकपा (एकीकृत समाजवादी)लगायतबाट विचलित भएका वा ती पार्टी छाडेर बसेका केही नेताहरूलाई समेत आफ्नो पार्टीमा गोलबद्ध गर्ने प्रयास गरिरहेका छन् ।

**वैदेशिक...**

श्रमिकहरूको संख्या १६ दशमलव ९ करोड छ ।

एआईको प्रयोगले प्रविधिसँगै अपडेट हुन नसक्ने वयस्क उमेरका अनुभवी कामदाहरू बढी मात्रामा रोजगारीबाट विस्थापित हुन सक्ने छन् । त्यसले उनीहरूको बाँकी जीवनमा नकारात्मक प्रभाव देखिँदा सरकारहरूमाथि सामाजिक सुरक्षाको दबाब बढ्न सक्ने बताइएको छ ।

एआईको प्रयोगले असमानतामा बल पुऱ्याउन सक्ने भएकाले नीति निर्माताहरूले प्रविधिलाई थप सामाजिक तनाव सिर्जना गर्नबाट रोक्न उपयुक्त नीतिका आधारमा सम्बोधन गर्नुपर्ने सुझाव दिएका छन् । एआईको प्रयोगले उन्नत अर्थतन्त्रहरूमा लगभग ६० प्रतिशतको अनुपातमा रोजगारीमा असर गर्ने सम्भावना व्यक्त गरिएको छ ।

एआईको प्रयोगबाट उत्पादकता बढाउन सक्ने अवसर, श्रमिकको माग घटाउने र ज्यालामा असर पारी रोजगारीलाई पनि उन्मूलन गर्ने खतरा पनि औंल्याइएको छ। च्याट जीपीटी जस्ता एपको लोकप्रियता बढेपछि एआई पछिल्ला वर्षहरूमा विश्वव्यापी चर्चाको विषय बनेको छ ।

मलेसियाले आगामी वर्षदेखि न्यूनतम ज्याला वृद्धिको घोषणा गरेको छ । विभिन्न देशहरूमा न्यूनतम पारिश्रमिक बढाउनेबारे छलफल जारी छन् । ती छलफलले सन् २०२५ भित्र धेरै देशमा नयाँ कानुन जारी हुन सक्ने सम्भावना बढाएको बताइएको छ । त्यसैगरी श्रमिक अधिकार र संरक्षणका पक्षमा पनि आगामी वर्ष सुधारको अपेक्षा गरिएको छ ।

ट्रेड युनियनहरूको दबाबले कामदारको मानवअधिकारसँगै कार्यस्थल सुरक्षालाई जोड दिएको छ । विश्वले जलवायु परिवर्तनमा बढ्दो ध्यान केन्द्रित गर्दै गर्दा श्रम नीतिहरूले उद्योगहरूमा रोजगारी सिर्जनालाई प्राथमिकता दिन सक्ने र महामारीको त्रासले कामदारहरूको स्वास्थ्य सुरक्षा बलियो बनाउन विभिन्न नियमहरू जारी गर्न रोजगारदाताहरू बाध्य हुँदा कामदारको अवस्थामा सुधारको आशा जगाउने टिप्पणी गरिएको छ ।

**दमाममा...**

कामकाजमा पर्न सक्ने असरलाई न्यूनीकरण गर्दै सहजता प्रदान गरेको छ ।

एनआरएनए साउदी अरेबियाको समन्वयमा विभिन्न संघसंस्था, स्वयंसेवक र स्थानीय नेपाली समुदायले शिविरलाई सफल बनाउन सक्रिय भूमिका निर्वाह गरेका थिए । साप्ताहिक बिदाको समयमा आयोजना गरिएकाले सेवाग्राहीहरूको व्यापक सहभागिता थियो । राहदानी वितरण कार्यक्रमले साउदी अरेबियामा कार्यरत नेपाली श्रमिकहरूको प्रशासनिक प्रक्रियालाई सहज बनाउँदै उनीहरूको समय र श्रम बचत गर्न महत्त्वपूर्ण योगदान पुऱ्याएको अनुभव गरिएको छ। विशेषगरी पूर्वी क्षेत्रका श्रमिकहरूको माग र आवश्यकतालाई सम्बोधन गर्न आयोजित शिविरले सकारात्मक प्रभाव पार्न सफल भएको छ ।

सेवाग्राहीहरूले राहदानी नवीकरण जस्ता कार्यक्रमलाई निरन्तरता दिन नेपाली दूतावास र सम्बन्धित निकायलाई आग्रह गरेका छन् । यस्ता पहलहरूले श्रमिकहरूको समस्या समाधान गर्दै उनीहरूको जीवनस्तरमा सुधार ल्याउन सहयोग पुऱ्याउने विश्वास व्यक्त गरिएको छ । पूर्वी क्षेत्रका नेपाली श्रमिकको मागलाई ध्यानमा राख्दै दूतावासले आगामी २४-२५ जनवरीमा जुबेलमा पनि शिविर राख्ने बताएको छ ।

यसैबीच वैदेशिक रोजगारीको क्रममा मलेसियामा अलपत्र दैलेखको नारायण नगरपालिकाका अकलबहादुर सिंहलाई उद्धार गरी स्वदेश फर्काइएको छ । नेपाली दूतावासका मलेसियाका जनसम्पर्क अधिकृत जयप्रकाश गिरीका अनुसार सिंह काम गर्दागर्दै मानसिक तथा शारीरिक रूपमा अशक्त भएपछि अलपत्र परी कठिन अवस्थामा अवैधानिक हैसियतमा थिए ।

**धुनियाले ...**

त्यसले सधैँ धेरथोर कमाइराख्छ ।' विगतका वर्षहरूमा सिरक-डसना बनाउन सम्पूर्ण सामान साहुले नै उपलब्ध गराइदिएपछि कपास फिट्ने लाठी र सियोको भरमा मनग्य आम्दानी गर्ने गरेको सेखको भनाइ छ । औपचारिक शिक्षा नलिएका उनले बाबु-बाजेबाट सिकेको सीप लिएर स्वरोजगार बने पनि अबको समय त्यस्तो नरहेकामा उनलाई चिन्ता छ ।

यसरी सिरक-डसनाको मागसँगै बनाउने पेसासमेत संकटमा पर्दै गएको उनी बताउछन् ।

'अहिले बजारमा विभिन्न म्याट्रेस पाहिन्छ । गाउँमा पनि त्यही राख्न थालेका छन् । गाउँगाउँमा ट्र्याक्टरमा उपकरण लिएर हिँड्नेले पुरानो लुगाबाट सिरक-डसना बनाउन थालेपछि झन् कपासको प्रयोग गरेर सिरक-डसना बनाउने काम घट्दै गएको छ', रफिक भन्छन् ।

मधुमाराका महमद इस्लाम र तीनटोलियाका रफिक सेख मात्र होइन, जाडो महिना सुरु भइसक्दा पनि बजारमा डसना र सिरकहरूको माग नदेखिएपछि विराटनगरका सिरक-डसना बनाउने धुनियादेखि विक्री वितरण गर्ने व्यापारीहरूमा चिन्ता बढ्दै गएको छ ।

विगतका वर्षहरूमा जाडो सुरु हुँदा नहुँदै अर्थात् मंसिरको दोस्रो सातादेखि नै व्यापार एक्कासि बढ्ने गरेकामा यस वर्ष पुस लागिसक्दा बजारमा सिरक-डसनाको माग शून्य देखिदा सिरक-डसना व्यवसायी तथा धुनिया चिन्तित देखिएका हुन् ।

पोहोरसम्म जाडो लाग्दा नलाग्दै सिरक-डसनाको अर्डर आउन सुरु भइहाल्ने भएकाले रेडिमेडसमेत राख्ने गरे पनि अहिले यहाँ पनि बनाइन्छ है भनेर देखाउन मात्र राख्नुपर्ने बाध्यता देखिएको बाटारोड विराटनगरस्थित जगदम्बा वस्त्रालयका व्यवसायी दुर्गादत्त अग्रवाल बताउँछन् ।

'पहिले जाडोमा सय प्रतिशत नै कपासको प्रयोग भइसक्थ्यो, अहिले त्यसको तुलनामा १० प्रतिशत पनि प्रयोग हुँदैन', व्यवसायी अग्रवाल भन्छन्, 'गत वर्ष पनि मंसिरको दोस्रो हप्तादेखि नै बजारमा सिरक-डसनाको माग हुन्थ्यो, यसपालि पुस सकिन लागिसक्यो, एउटा अर्डर पनि आएको छैन ।'

अहिले विगतका वर्षहरूमा सिरक या डसना बनाउन नेपाली कपासको माग धेरै हुने गरेकामा यस वर्ष पुरानो स्टकका कपास पनि प्रयोग हुन नसकेको उनको भनाइ छ ।

महावीररोडस्थित शिवम् इम्पोरियरका विशाल शाह पनि यो वर्ष अहिलेसम्म सिरक-डसनाको माग शून्य बराबर रहेको बताउँछन् ।

'पहिले ग्राहक हामीकहाँ आएर अर्डर गरेर मात्र बनाउँथे तर अहिले त्यसको तुलनामा १० प्रतिशत पनि व्यापार छैन', शाहले भने, 'केही वर्षअघिसम्म बजारमा सधैं भीडभाड हुन्थ्यो तर हिजोआज धुनियाहरू घरघर पुगेर सिरक-डसना बनाइदिने भएकाले पनि बजारमा यसको अर्डर कम हुने गरेको छ ।'

प्रायः व्यापारीहरूले बनाउने सिरक-डसनामा प्रयोग हुने कपास लोकल हुने भएकाले घरघरमा गएर धुनियाले बनाउने सिरक-डसना अन्यभन्दा गुणस्तरीय हुने उनी दाबी गर्छन् ।

हामी गार्मेन्टका कतरनलाई पेलेर बनाएको फ्रेस कपास प्रयोग गर्छौं, त्यसैले हाम्रो सामानमा क्वालिटी हुन्छ', शाह भन्छन्, 'कपडा जस्तो बर्सेनि फेरिरहने कुरा नभएकाले ग्राहकहरूले सिरक-डसना बनाउनुअघि त्यसमा प्रयोग हुने कपासको गुणस्तर कस्तो छ भनी ध्यान दिनु आवश्यक छ ।' एउटा सिरक बन्न ४ देखि ५ किलोसम्म कपास लाग्छ तर ग्राहकको मागअनुसार जतिको पनि बनाइदिने शाह बताउँछन् । व्यापारीहरूका अनुसार १ जोर सिरक बन्न १ हजारदेखि ७-८ हजारसम्म मूल्य पर्छ । डसनाको भने ६-७ सयदेखि ४-५ हजार मूल्य पर्छ ।

**जिमी...**

गरे । जिमी कार्टरको नेपाल साइनो पनि जनस्तरमै चिनिने छ । नेपालसँग साइनो भएका अमेरिकी राष्ट्रपति कार्टर मात्र हुन् ।

शान्ति स्थापना, प्रजतन्त्र र स्वास्थ्य क्षेत्रमा सक्रिय रहँदा उनी नेपाल २ पटक आएका थिए । पहिलो संविधानसभाको निर्वाचन, २०६४ र दोस्रो संविधानसभाको निर्वाचन, २०७० मा उनी नेपाल आएका थिए । नेपालको शान्ति प्रक्रियासँग समेत कार्टर जोडिएका थिए ।

१० वर्षसम्म सशस्त्र विद्रोह गरेको माओवादीलाई शान्ति प्रक्रियामा ल्याउन उनको भूमिका थियो । नेपालका नेताहरू अमेरिका लगेर र यहीँ पनि शान्ति प्रक्रियाको भूमिकामा सचेत गराएका थिए ।

शान्ति प्रक्रिया र २०७२ सालको नेपालको संविधान जारी गर्न मात्र नभएर जिमी कार्टरले २०३३ सालमा विश्वेश्वरप्रसाद कोइरालालाई जेलबाट निकाल्नसमेत मद्दत गरेका थिए । पञ्चायती शासनले नेपाली कांग्रेसका संस्थापक नेता बीपीलाई पटकपटक जेल सजाय दिएको थियो । त्यस बेला कार्टर अमेरिकी राष्ट्रपति थिए । अमेरिकी राष्ट्रपतिको हैसियतमा उनले बीपीलाई जेलमुक्त गर्न भूमिका खेलेका थिए ।

# 'दुर्गममा शिक्षाको पहुँच बढाउन आवश्यक'



**उदयपुर/मस–** उपराष्ट्रपति रामसहायप्रसाद यादवले दुर्गममा शिक्षाको पहुँच बढाउनुपर्नेमा जोड दिएका छन् । यहाँको चौदण्डीगढी नगरपालिका-८ सिद्धिपुर स्थित सरस्वती माध्यमिक विद्यालयको स्वर्ण महोत्सवको अवसरमा बोल्दै सोमबार उपराष्ट्रपति यादवले भने, 'मुलुकका धेरै दुर्गम गाउँहरुमा अहिले पनि जनताहरु शिक्षाको पहुँचभन्दा टाढा छन्, यसका लागि शिक्षामा पहुँच पुऱ्याउन सबैले हातेमालो गर्नुपर्छ ।'

सरस्वती माविले स्वर्ण महोत्सव मनाउन सफल भएकामा विद्यालय परिवार र स्थानीयलाई उहाँले धन्यवादसमेत दिए । सहर बजारमा मात्र शिक्षालय, विश्वविद्यालय कलेज सञ्चालन हुने र दुर्गममा शैक्षिक संघसंस्था नहुँदा ग्रामीण क्षेत्र शिक्षाबाट पछि पर्ने गरेको उपराष्ट्र यादवको धारणा थियो ।

उक्त कार्यक्रममा नेपाली कांग्रेसका नेता तथा उदयपुर निर्वाचन क्षेत्र नम्बर १ का प्रतिनिधिसभा सदस्य डा. नारायण खड्कासहित चौदण्डीगढी नगरपालिकाका मेयर कालु लामा र पूर्वमेयर खगेन्द्र राईलगायतको उपस्थिति रहेको थियो ।

# अत्यधिक धुलो र गन्धले बस्तीलाई नै असर



**काठमाडौं/मस–** अत्यधिक धुलो र गन्धका कारण नख्खु क्षेत्रका स्थानीयले सास्ती बेहोर्नु परेको छ । गएको असोज १२ गते शनिबार नख्खु खोलामा आएको बाढीका कारण करिडोर भत्किएपछि धुलोको समस्या बढेको हो । नख्खु करिडोरको धुलो र खोलाबाट निस्केको गन्धले बस्तीलाई नै असर गरेको स्थानीयको दुखेसो छ ।

बाढीका कारण नख्खु खोला किनारामा थुप्रिएको धुलो उडेर बस्तीमा पुगेको र धुलो र गन्धले असर गरेको ललितपुर महानगरपालिका-४ का स्थानीय मिलन मगरले दुखेसो पोखे । उनले भने,'दिउँसो हावा चलेको बेला धुलोसँगै खोलाको गन्ध बस्तीमा पस्छ । जाडो समयमा यति धेरै धुलो र गन्धको समस्या छ, पछि गर्मी सुरु भए झन् गाह्रो हुने सम्भावना छ ।'

बाढीले क्षति पुऱ्याएको क्षेत्रमा खानेपानी, यातायात र विद्युत्को समस्या हल गरिसकेको र अन्य समस्याहरूको समाधान गर्न ललितपुर महानगरपालिकाले पहल गरिरहेको ललितपुर महानगरपालिका-१३ का वडाअध्यक्ष गणेश केसीको भनाइ छ ।

नख्खु र भैँसेपाटी जोड्ने नुख्खु खोला पुल र छेउछाउमा धुलोका कारण यात्रुहरूले सास्ती खेप्नु परेको छ । हरेक दिन नख्खु खोला पुल हुँदै भैँसेपाटी पुग्ने गरेका मोटरसाइकल यात्रु वीरेन्द्र तितुङले धुलो र खोलाको गन्धले आफूलाई दिक्क बनाएको बताउँछन् ।

त्यसैगरी, बाढीले नख्खु करिडोर क्षेत्रमा क्षति पुऱ्याएपछि बाढीपीडितहरूले सरकारबाट पाउनुपर्ने राहत अझै नपाएको स्थानीय विश्वास थापा बताउछन् ।

# चिसोले बिरामी बढे, सावधानी अपनाउन आग्रह



**चितवन/मस–** चिसोका कारण चितवनका अस्पतालहरुमा बिरामीको संख्यामा बढेको छ । पछिल्ला दिनहरुमा चिसोका कारण हुने रोगको समस्या लिएर अस्पताल आउने बिरामीको संख्यामा वृद्धि भएको हो ।

मुख्यगरी अस्पतालका मेडिसिन, बालरोग र हाडजोर्नी विभागमा यस्ता बिरामीको संख्या धेरै छ । अस्पतालहरुमा बिरामीको चाप बढ्दै गएपछि चिकित्सकले चिसोबाट बच्न आग्रह गरेका छन् ।

भरतपुर अस्पतालका वरिष्ठ फिजिसियन डा.प्रमोद पौडेलका अनुसार आफ्नो विभागमा दैनिक आउने बिरामीमध्ये २० प्रतिशत चिसोका समस्या भएर आउने गरेका छन् । उनका अनुसार चिसोका कारण रुघा, खोकी, ज्वरो, दम बढ्ने, घाँटी दुख्नेजस्ता समस्याका बिरामी बढेका छन् ।

मुटुको समस्या र उच्च रक्तचापका बिरामीले चिसोमा हिँड्न उचित नहुने उनको भनाइ छ । हिँड्नै परेमा न्यानो कपडा लगाउने, नाक, मुख, टाउको घाँटी छोपेर, हातमा पन्जा लगाएर हिँड्दा उत्तम हुने उनले बताए ।

भरतपुर अस्पतालका बालरोग विशेषज्ञ डा.खेमराज पौडेलले अस्पतालमा उपचारका लागि आएका बालबालिकामध्ये ७० प्रतिशतमा चिसोको समस्या देखिएको बताए ।

यसैगरी जोर्नी दुखाइका बिरामीको संख्या पनि अस्पतालमा बढेका छन् । चितवन मेडिकल कलेज (सिएमसी) शिक्षण अस्पतालका निर्देशक प्रा.डा.दयाराम लम्सालले पछिल्लो समय जोर्नीको दुखाइ, रुघाखोकी, ज्वरो, दम, छालाका समस्या लिएर आउने बिरामीको संख्या बढ्दै गएको बताए ।

# क्यान्सरविरुद्धको थप ५ लाख खोप ल्याइयो

**काठमाडौं/मस–**किशोरीलाई पाठेघरको मुखको क्यान्सर विरूद्धको 'ह्युमन पापिलोमा भाइरस' (एचपिभी) खोप ल्याइएको छ । स्वास्थ्य सेवा विभागको आपूर्ति व्यवस्थापन महाशाखाका निर्देशक डा.पवनजंग रायमाझीका अनुसार आइतबार चार लाख ९६ हजार दुई सय ८० मात्रा खोप ल्याइएको छ ।



सरकारले यसभन्दा अघि दुई पटक एचभिपी खोप ल्याइसकेको छ। उक्त खोप टेकुस्थित भण्डारण कक्षमा राखिएको छ । यसअघि ल्याइएका खोपलाई प्रदेश कार्यालयमा पठाइएको र यो खोप पनि प्रदेश कार्यालयमा पठाइने निर्देशक रायमाझीले जानकारी दिए । 'एचपिभी' खोप 'भ्याक्सिन र खोपका लागि ग्लोबल एलायन्स' (गाभी)को सहयोगमा चीनबाट नेपाल ल्याइएको हो । सरकारले किशोरीलाई पाठेघरको मुखको क्यान्सरबाट जोगाउन आगामी माघ २३ गतेबाट खोप अभियान सञ्चालन गर्दैछ ।

पन्ध्र दिनसम्म चल्ने अभियानअन्तर्गत कक्षा ६ देखि १० सम्म र विद्यालयबाहिर रहेका १० देखि १४ वर्ष उमेर समूहका १६ लाख ८८ हजार नौ सय किशोरी खोप लगाइने बालस्वास्थ्य तथा खोप शाखाका प्रमुख डा अभियान गौतमले जानकारी दिए ।

उनका अनुसार १७ लाख ७० हजार मात्र गाभीले नेपाललाई उपलब्ध गराउनेछ। नेपालमा हरेक वर्ष पाठेघरको मुखको क्यान्सरबाट चार जना महिलाको मृत्यु हुने गरेको छ । पाठेघरको मुखको क्यान्सरको जोखिम बढाउने मुख्य कारण ह्युमनपापिलोमा भाइरस संक्रमण रहेकोले त्यसको विरूद्ध खोप लगाउनुपर्ने हुन्छ ।

# सामाजिक संजालको प्रयोगलाई नियन्त्रण गर्न कानुन ल्याउँदै छौं : मन्त्री गुरुङ

**लमजुङ/मस–** सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले सामाजिक सञ्जालको जथाभावी प्रयोगलाई नियन्त्रण गर्न सरकारले कानुन ल्याउन लागेको बताएका छन् ।

लमजुङको सुन्दरबजारमा तमू ल्होसारको अवसरमा आयोजना गरिएको संयुक्त ल्होसार विशेष कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री गुरुङले सामाजिक सञ्जालका माध्यमबाट भइरहेका अपराध नियन्त्रण गर्नु सरकारको दायित्व भएको बताए । उनले अहिले सामाजिक सञ्जालमा जथाभावी पोष्ट गर्नेलाई नियन्त्रण गर्न, साइबर अपराधको अन्त्य गर्न बनेको ‘साइबर सेक्युरिटी ऐन’ ल्याउने तयारी रहेको बताए ।



मन्त्री गुरुङले भने,‘सही सूचना पाउने जनताको अधिकारलाई व्यवस्थित गर्न सरकार लागि परेको छ ।’

फरक प्रसंगमा उनले सहकारीले सर्वसाधारणलाई ठग्ने गरेकाले त्यसलाई रोक्न जरुरी रहेको बताए । देशका अधिकांश सहकारीमा एउटै व्यक्ति आजीवन अध्यक्ष रहने र रकमको हिनामिना भइरहेको अवस्थामा बढीमा दुई कार्यकालभन्दा बढी अध्यक्ष हुन नपाउने गरी नियमन गर्न लागिएको मन्त्री गुरुङले उल्लेख गरे । सहकारी कुन स्तरका हुन सोहीअनुसार स्थानीय तह वा प्रदेशमा दर्ता हुने व्यवस्था मिलाइने उनले बताए । अहिले तत्काल सहकारीको गठीमा परेका जनताको रकम फिर्ता गर्न सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यायदेश संसद्बाट पास गरेर राष्ट्रपतिलाई बुझाइएको र प्रमाणिकरणसमेत भएको मन्त्री गुरुङले जानकारी दिए ।

सबैभन्दा पहिला सानो रकम फिर्ता गर्ने र क्रमशः अन्य रकम पनि फिर्ता गराउनेतर्फ सरकार लाग्ने उनको भनाइ थियो । मन्त्री गुरुङले भने,‘संविधानमा नेपाली भाषाका अतिरिक्त अन्य भाषा पनि सरकारी कामकाजको भाषा हुने उल्लेख छ, त्यसैले संविधानले दिएको अधिकार उपयोग गर्न आवश्यक छ ।’

केही शक्ति संघीय लोकतान्त्रिक गणतन्त्र उल्ट्याएर पूरानै व्यवस्था ल्याउन लागिपरेको भन्दै उहाँले मूलधारका पार्टी जसले संघीय गणतन्त्र प्राप्तिका लागि बलिदानीपूर्ण आन्दोलन गरेर यो व्यवस्था ल्याए तिनैलाई यो व्यवस्थाको माया र रक्षा गर्ने दायित्व भएको बताए ।

पालिकाभित्रका विभिन्न तमू समाजको संयुक्त आयोजनामा भएको उक्त कार्यक्रममा विभिन्न स्थानबाट सांस्कृतिका झाँकीसहित बजार परिक्रमा गरी कार्यक्रम गरिएको थियो । कार्यक्रममा गुरुङको मौलिक संस्कृति सोरठी, घाटु, कृष्ण चरित्र, कौरा, ठाडोभाकालगायतका नृत्य प्रस्तुत गरिएको सुन्दरबजार तमु समाजका अध्यक्ष मीनबहादुर गुरुङले जानकारी दिए ।

# नेपाल र चीनका विश्वविद्यालयबीच सहकार्य सम्झौता

**काठमाडौं/मस–** प्रधानमन्त्री केपी शर्मा ओलीको उपस्थितिमा लुम्बिनी बौद्ध विश्वविद्यालय र चीनको बेइजिङ भाषा तथा संस्कृति विश्वविद्यालयबीच सहकार्य सम्झौता भएको छ ।

प्रधानमन्त्री निवास, बालुवाटारमा सोमबार भएको कार्यक्रममा लुम्बिनी बौद्ध विश्वविद्यालयका उपकुलपति प्रा.डा.सुवर्णलाल बज्राचार्य र बेइजिङ भाषा तथा संस्कृति विश्वविद्यालयका अध्यक्ष त्वाङ फङबीच सहमतिपत्र आदान-प्रदान भएको हो ।

समझदारी अनुसार दुवै मुलुकका ती विश्वविद्यालयले संस्कृति आदानप्रदान भाषा शिक्षण, अनुसन्धान कार्यसञ्चालनका लागि काम गर्नेछन् । यसैगरी बेइजिङमा नेपाल इन्स्टिच्युट र लुम्बिनीमा चाइना इन्स्टिच्युट स्थापना हुनेछन् ।



प्रधानमन्त्री केपी शर्मा ओलीको गत मंसिर १७ गतेदेखि २० गतेसम्म भएको औपचारिक भ्रमणका क्रममा चीनसँग स्वयंसेवी चिनियाँ भाषा शिक्षणसम्बन्धी समझदारी भएको थियो ।

सो अवसरमा प्रधानमन्त्री एवं लुम्बिनी बौद्ध विश्वविद्यालयका कुलपति ओलीले नेपाल र चीनबीच शताब्दीऔंदेखि जनस्तरमा समेत सम्बन्ध रहेको उल्लेख गर्दै दुई देशबीच प्राज्ञिक र शैक्षिक सम्बन्ध र सहकार्य विस्तार भएकामा खुसी व्यक्त गरे ।

कार्यक्रममा राष्ट्रिय योजना आयोगका सदस्य गीताकुमारी पौड्याल अधिकारी, लुम्बिनी विश्वविद्यालयका रजिष्ट्रार डा.तिलकराम आचार्य र नेपालस्थित चिनियाँ दूतावासका अधिकारीलगायतको उपस्थिति रहेको थियो ।

# ‘अर्थतन्त्र सकारात्मक रूपमा अघि बढ्न सकेन’




**विराटनगर/मस–** कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले राजनीतिक अस्थीरताका कारण अर्थतन्त्र सकारात्मक रुपमा अघि बढ्न नसकेको बताएका छन् ।

सोमबार विराटनगरमा एभिन्यूज टेलिभिजनले आयोजना गरेको कार्यक्रममा बोल्दै कार्कीले सरकार परिवर्तन भइरहँदा नीति पनि परिवर्तन हुने गरेकाले अर्थतन्त्रमा समस्या देखिएपनि पछिल्लो समयमा देशको अर्थतन्त्र सही दिशामा गएको बताए । उनले दुई ठूला दलहरु मिलेर सरकार बनेको र अर्थतन्त्र बिस्तारै सामान्य बन्ने क्रममा रहेको समेत जानकारी दिए । मुख्यमन्त्री कार्कीले अझै पनि दुई दलबीचको सहकार्य कति समयसम्म जान्छ भन्ने कुराले उद्योगी व्यवसायीहरुबीचमा त्रास उत्पन्न गर्न खोजिएकाले पनि केही कुरा अफठयारो भएको धारणा राखे ।

उनले नकारात्मक विषयलाई मात्रै सञ्चार माध्यम र सामाजिक सञ्जालले प्राथमिकता दिँदा कतिपय राम्रा विषय ओझेलमा परेको चर्चा गर्दै सरकारले पछिल्लो मौद्रिक नीति आएपछि अर्थतन्त्रमा निकै सुधार गरेको दाबी गरे । कोशी प्रदेश सरकारले लगानी सम्मेलन, पर्यटन वर्ष र चिया सम्मेलनको कार्यक्रमलाई अघि सारेर प्रदेशमा अर्थतन्त्र चलयामान गर्ने प्रयत्न गरेको कार्कीले बताए । उनले भने, ‘हामी नीतिगत कुराहरु प्रदेशमा हुने प्रदेशमै र केन्द्रमा हुने केन्द्रमै गएर टुंग्याइ लगानीको वातावरण बनाउनेछौं ।’ निजी क्षेत्रलाई उत्साहित गर्न जग्गा लगायत विद्युतका विषयमा सहुलियत दिन छलफल सुरु गरिएको जानकारी दिँदै उनले जग्गाको खोजी भइरहेको बताए ।

प्रदेशले मात्रै नीति बनाएर नपुग्ने यसमा संघ, सरकारले पनि ध्यान दिनुपर्ने अवस्थालाई मध्यनजर गर्दै काम अघि बढेको उनको भनाइ छ ।

# ‘भविष्य खोज्न अर्काको देशमा जाने सोच त्यागनुपर्छ’

**तनहुँ/मस–** गण्डकी प्रदेशका आर्थिक मामिलामन्त्री डा. टकराज गुरूङले भविष्य खोज्न अर्काको देशमा जाने सोच त्याग्नुपर्ने बताएका छन् । तमु ल्होसारका अवसरमा तमु ह्युल छोंज धि गुरूङ राष्ट्रिय परिषद् तनहुँले सोमबार दमौलीमा आयोजना गरेको कार्यक्रममा मन्त्री गुरूङले नेपालमै बसेर भविष्य खोज्न र नेपालको प्रगतिमा सहभागी हुन आह्वान गरे ।

नेपालमा केही हुँदैन भन्ने भाष्य चिरेर अगाडि बढ्नुपर्ने अहिलेको आवश्यकता रहेको बताउँदै मन्त्री गुरूङले भविष्य बनाउन विदेश जानुपर्छ भन्ने सोच त्याग्न आग्रह गरे । उनले भने, ‘भविष्य बनाउनका लागि विदेश नै जानुपर्छ भन्ने मानसिकता गहिरो रूपमा बसिसकेको छ । त्यस्ता मानसिकता त्यागेर नेपालमै केही गर्न सकिन्छ भन्ने सोच राख्नुपर्छ ।’



सक्षम र दक्ष जनशक्ति उत्पादनमा राज्यले ठूलो लगानी गरेकाले त्यस्ता नागरिक स्वदेशमै बसेर केही गर्नुपर्नेमा उनको जोड थियो । संविधानले जनजातिलाई अधिकार दिएकाले जनजातिका छोराछोरी उच्च तहमा पुग्न सकेको मन्त्री गुरूङले बताए । मन्त्री गुरूङले शास्त्र र परम्परा हराए भाषा हराउने र भाषा हराए जात नै लोप हुने भएकाले भाषा र संस्कृतिको संरक्षणमा अग्रसर हुनुपर्ने बताए । भाषा, संस्कृति, परम्परा संरक्षण गर्ने कार्यमा हरेक जातजाति आफैं अग्रसर हुनुपर्ने उनको भनाइ थियो ।

गण्डकी प्रदेशसभा सदस्य अशोककुमार श्रेष्ठले प्रदेश सरकार सबै जातजातिको संरक्षणका लागि क्रियाशील रहने बताए । व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेले चाडपर्वले जातीय सद्भाव कायम राख्न सहयोग पुग्ने उल्लेख गरे ।

# सेहरा माविको भवन शिलान्यास

**घुरन यादव/मध्यान्ह**
सप्तरी, १५ पुस

सप्तरीको बलान बिहुल गाउँपालिका वडा नम्बर-६ को सेहरा मा.वि.को भवन शिलान्यास गरिएको छ ।

भवनको गाउँपालिका अध्यक्ष खेमचन्द्र यादवले शिलान्यास गरेका हुन् ।

भवन झन्डै ८ करोडको लगानीमा निर्माण हुने बताइएको छ । १५ महिनाभित्र भवन सम्पन्न हुने बताइएको छ । विद्यालयमा कक्षा ११ र १२ तथा प्राविधिकतर्फ डिप्लोमा इन्जिनियर समेत पढाइ हुने विद्यालयले जनाएको छ ।



# किवी प्रशोधन गरी जाम र वाइन उत्पादन सुरु



**नुवाकोट/मस–** दुप्चेश्वर गाउँपालिकाले स्थानीय किसानले उत्पादन गरेको किवीको प्रशोधन गरी जाम र वाइन उत्पादन सुरु गरेको छ । गाउँपालिकाको प्राविधिक सहयोगमा उत्पादन मात्रै नभइ जाम र वाइनको बजारीकरण पनि गरिरहेको छ । दुप्चेश्वर गाउँपालिकाले ‘पोस्ट हार्भेस्ट मूल्य शृंखला अभिवृद्धि कार्यक्रम’मार्फत वडा नं. २ कडेनीका किवी प्रशोधन गरी गाउँमै जाम बनाउन सुरु गरेको गाउँपालिका अध्यक्ष शंकरबहादुर थापाले जानकारी दिए ।

उनका अनुसार बजारमा फलभन्दा जाम उत्पादन गरेर बिक्री गर्दा किसानले दोब्बर बढी आम्दानी पाइरहेका छन् । किवीको बिक्रीबाट किसानले प्रतिकेजी रु दुई सय ५० सम्म पाएका छन् । सोही परिणामको किवीको प्रशोधन गरेर तयार गरिएको जामबाट दोब्बर लाभ लिएका छन् ।

‘किसानले व्यावसायिक रूपमा गरेको किवी खेतीको उत्पादित फल स्थानीय बजारदेखि राजधानी काठमाडौंसम्म लगेर बिक्री गर्दा भोगिरहेको समस्या समाधानका लागि पालिकाबाट आवश्यक सहयोगका कार्यक्रम ल्याएका छौं’, अध्यक्ष थापाले भने, ‘किवीको व्यावसायिक उत्पादनमा पुर्याउदै आएको सहयोग पश्चात उत्पादित फललाई ग्रेडिङ गरेर जाम र वाइन बनाउन किसानलाई आवश्यक प्राविधिक सहयोग उपलब्ध गराइएको छ ।’

दुप्चेश्वर महादेव मन्दिर दर्शनका लागि आउने तीर्थयात्रीलाई किवीबाट बनेको जाम मागअनुसार उपलब्ध गराउन नसकिएको गाँउपालिकाको कृषि शाखा प्रमुख सुदेश सुवेदीको भनाइ छ ।

किवीको आकारअनुसार स्तर निर्धारण (ग्रेडिङ) गर्दै ठूला र आकर्षक फल बिक्रीका लागि बजार पठाइन्छ भने बाँकीलाई उपभोक्ताको मागअनुसार जाम र वाइन बनाउन प्रयोगमा ल्याइएको छ । त्यसका लागि किसानलाई तालिम र प्राविधिक सहयोग गाउँपालिकाले उपलब्ध गराएको कृषि शाखा प्रमुख सुवेदीले जानकारी दिए ।

किवीबाट उत्पादन गरिएका जाम र वाइनको खाद्य तथा गुणस्तर मापन हुन भने बाँकी छ । त्यसका लागि पालिकामार्फत पहल अघि बढाइएको छ । स्थानीय स्रोत र साधनको उपयोग एवं छोटो अवधिको तालिम लिएका जनशक्तिबाट न्यून लागतमा तयार गरिएको जामलगायतका परिकारको ‘ब्राण्डिङ’ गुणस्तरीय प्रमाणित भए किसानले राम्रो लाभ लिन सक्नेछन् ।

# सन् २०२५ लाई बन्दीपुर भ्रमण वर्षका रूपमा मनाइने

**काठमाडौं/मस–** बन्दीपुर गाउँपालिकाले सन् २०२५ लाई भ्रमण वर्षका रुपमा मनाउने भएको छ । सोमबार काठमाडौंमा पत्रकार सम्मेलनको आयोजना गरी गाउँपालिकाले सन् २०२५ लाई भ्रमण वर्षका रुपमा मनाउने भएको निर्णय गरेको जानकारी दिएको हो ।

पहाडकी रानी उपनामले परिचित प्रसिद्ध पर्यटकीय गन्तव्य बन्दीपुरको पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले ‘बन्दीपुर भ्रमण वर्ष २०२५’ आयोजना गर्न लागिएको हो । भ्रमण वर्षलाई भव्यताका साथ सफल पार्न गाउँपालिकाले पर्यटन व्यवसायी वैश गुरुङकी संयोजकत्वमा २१ सदस्यीय भ्रमण वर्ष सचिवालय समेत गठन भइसकेको गाउँपालिकाका अध्यक्ष सुरेन्द्रबहादुर थापाले जानकारी दिए ।

सचिवालयमा होटल संघ, रेष्टुरेन्ट तथा बार एसोसिएसन (रेवान) पर्यटन विकास समिति, उद्योग वाणिज्य संघ, होमस्टे महासंघलगायतको प्रतिनिधित्व रहेको उनले जानकारी दिए । उनले भने,‘प्राकृतिक एवं सास्कृतिक सम्पदाहरुको संरक्षण एवं विकास गर्दै जिम्मेवार पर्यटकीय क्रियाकलापका माध्यमबाट एवं सुसंस्कृतयुक्त बन्दीपुरको परिकल्पना र पर्यटक आगमनको संख्या वार्षिक दुई लाख पुऱ्याउने उद्देश्यसहित भ्रमण वर्ष आयोजना गरिएको हो ।’




सचिवालय संयोजक गुरुङका अनुसार भ्रमण वर्षभर पर्यटन प्रवर्द्धन गरी पर्यटकको संख्या दोब्बर बनाउने लक्ष्य लिइएको छ । उनले भने,‘भ्रमण वर्षलाई आधार वर्ष मानेर आगामी तीन वर्षमा वार्षिक आठ लाख पर्यटकलाई बन्दीपुर पुऱ्याउने हाम्रो लक्ष्य छ ।’ गुरुङका अनुसार भ्रमण वर्षमा पर्यटकको औसत बसाइ तीन दिन बनाइनेछ । साथै विदेशी पर्यटकको दैनिक औसत खर्च ७५ अमेरिकी डलर र नेपाली पर्यटक औसतमा दैनिक तीन हजार रुपैयाँ पुऱ्याइने छ । हाल बन्दीपुरमा मात्रै ७५ होटल र चार वटा होमस्टे साथै समग्र गाउँपालिकामा एक सय २० होटेल र १२ वटा होमस्टे सञ्चालनमा छन् । जसमा दैनिक एक हजार सात सय जना अट्ने क्षमता छ ।

भ्रमण वर्षमार्फत बन्दीपुरको पर्यटन क्षेत्रमा थप रोजगारी र स्वरोजगार सृजना, होटल तथा रेष्टुरेन्टमा थप लगानी बढाउनु साथै बन्दीपुरलाई नेपालको प्रमुख पर्यटकीय गन्तव्यका रुपमा विकास गरिने उनको भनाइ छ । उनले भने,‘भ्रमण वर्षमार्फत पर्यटकीय सुविधायुक्त होमस्टे सर्किटको प्रवर्द्धन गरिनेछ भने विद्यमान पर्यटकीय केन्द्र र उपजहरुका अतिरिक्त कम्तीमा थप पाँच गन्तव्यको पहिचान, विकास र प्रवर्द्धन गरिनेछ ।’

भ्रमण वर्षमार्फत यहाँको सांस्कृतिक सम्पदा संरक्षणसहित यामअनुसारको प्याकेज तयार गरिनेछ भने सांस्कृतिक, धार्मिक एवं ग्रामीण पर्यटकीय सर्किटको प्रवर्द्धन गरिनेछ । पर्यटकको उमेर र रुचिअनुसारको प्याकेज निर्माण गर्नुका साथै ‘गाउँमै कमाऔं गाउँमै रमाऔं’ तथा वातावरणीय संरक्षणका लागि जनसहभागिता पनि बढाइने गाउँपालिकाले लक्ष्य लिएको छ ।

भ्रमण वर्ष सफल पार्न कूल चार करोड ४३ लाख ५० हजार रुपैयाँ खर्च हुने गाउँपालिकाको अनुमान छ । अनुमानित खर्च विवरणमा संघ, प्रदेश र स्थानीय सरकारका साथै अन्य विभिन्न राष्ट्रिय एवं अन्तर्राष्ट्रिय सरकारी तथा गैरसरकारी संघसंस्थाहरुबाट अपेक्षा गरिएको प्रतिबद्धतालाई समेत राखिएको छ । साथै नेपाल सरकारको बन्दीपुर गाउँपालिका अन्तर्गत नियमित कार्यक्रम पनि समावेश गरिएको छ ।

**Bardagoriya Rural Municipality**
**Water Sector Governance and Infrastructure Support Project (WaSGISP)**
**Bardagoriya Project Implementation Unit**
**Muda, Kailali**

**Invitation for Bids**

**Date of Publication: 31st December, 2024**
**Funding Agency: The World Bank**
**Credit No.: 7132-NP**

1. Bardagoriya Project Implementation Unit, Kailali invites the Bids from eligible bidders for the Construction of Public Toilets mentioned below under National Competitive Bidding.

| S. N. | Contract Identification Number | Description of Work | Bid Security (NRs) | Bid Document Price (NRs) | Remarks |
|---|---|---|---|---|---|
| 1. | NP-DWSSM424229-CW-RFB | Construction of Bauniya Bazar Public Toilet in Bardagoriya Rural Municipality, Kailali. | 2,10,000/- | 3000/- | Single Stage One Envelope, Hard Copy Not Acceptable |

2. Eligible Bidders may obtain further information of the Bidding Documents at the office of Water Sector Governance and Infrastructure Support Project (WaSGISP), Bardagoriya Project Implementation Unit (PIU), Kailali, Sudurpaschim Province, Nepal during office hours or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.

**Project Manager**

**युएईमा रोजगार** | कम्पनी : FEATURE TECH.CONT | शहर: UAE
पूर्व स्वीकृत मितिः २०८१/०९/०७ चलानी नं.: ६०२३००९७ LT. No.: 315823 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenters (Shuttering & Finishing) | 50 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,६१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Helper | 35 | 0 | | 800 | २९,७४४ | | | | | | | |
| 3. | Mason (Nepal) | 90 | 0 | | 1200 | ४४,६१६ | | | | | | | |
| 4. | Steel Fixer | 25 | 0 | | 1200 | ४४,६१६ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुष २३ गते (7 January 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**स्काई ब्रिज ओभरसिज प्रा. लि.**
श्रम इजाजत नं. ११६६/०७३/०७४
फोन नं.: ०१-४५६९२७०, फ्याक्स नं.: ४३८४०३१, काठमाडौं, नेपाल
Email: skybridgeoverseas2017@gmail.com, सम्पर्क नं. : 9813022647, 9846194102

## सम्पादकीय

# उमेर हदको अर्थ

प्रमुख प्रतिपक्षी नेकपा माओवादी केन्द्र निकट अखिल (क्रान्तिकारी)मा उमेर हदको पक्षधरले जितेको छ । गत असोज पहिलो साता काठमाडौंमा आयोजित २३औं राष्ट्रिय सम्मेलनमा उमेर हदको विषयमा सहमति जुट्न नसक्दा नेतृत्व चयन प्रक्रिया अवरूद्ध भएको थियो । नेतृत्वमा दाबी गरिरहेकाहरूले उमेर हद लगाउन नहुने अडान लिने अनि उमेर हद लगाउनुपर्ने माग टार्न नसक्ने अवस्था रहेकाले यो विषय पेचिलो बनेको थियो । मातृ पार्टी माओवादीको नेतृत्वले पनि यो विषय टुंग्याउन सकेन । यसपछि शनिबार १३ पुसमा उमेर हदबारे प्रनितिधिहरूबीच मतदान भयो । मतदानमा झिनो अन्तरले उमेर हद पारित भएको छ । उमेर हद लगाउनुपर्ने पक्षमा ९०० र खुला राख्नुपर्ने पक्षमा ८७९ मत परेको छ ।

२१ मतान्तरले उमेर हद लगाउनुपर्ने पक्षले जितेकाले अब आगामी १२ माघमा हुने अखिल (क्रान्तिकारी)को सम्मेलनबाट ३२ वर्ष नकटेका नेताहरूको कार्यसमिति बन्ने छ । सत्ता साझेदार नेपाली कांग्रेस निकट नेविसंघमा ७ वर्षअघि ३२ वर्षे उमेर हद लागू भइसकेको छ । अरू साना दलहरूले पनि उमेर हदको अभ्यास गरिसकेका छन् । यसले सरकारको नेतृत्व गरिरहेको नेकपा एमाले निकट अनेरास्ववियुमा पनि उमेर हदको दबाव बढेको छ । नेताहरूका अनुसार अनेरास्ववियुमा उमेर हद आगामी सम्मेलनबाटै लागू हुन सक्छ । यद्यपि, अध्ययन गर्न उमेरको सीमा नहुने भएकाले विद्यार्थी राजनीतिमा उमेर हद सान्दर्भिक नहुने कतिपयको विश्लेषण छ ।

तर, नेपालको राजनीतिमा देखिएको समस्या हल गर्न उमेर हद मात्र नभएर कार्यकाल तोक्नुपर्ने प्रस्तावमा समेत बहस जरूरी छ । बाँचुञ्जेल नेता हुने, सांसद लडिरहने, मन्त्री र प्रधानमन्त्री भइरहने प्रवृत्तिका कारण राजनीतिप्रति नै बितृष्णा बढिरहेको छ । पटकपटक प्रधानमन्त्री भइसकेकै व्यक्तिहरू नै प्रमुख पार्टीको नेतृत्वमा रहेकाले वैकल्पिक राजनीतिको बहस चलिरहेकै छ जबकि, राजनीति अन्तर्वस्तुमा आधारित हुनुपर्ने हो । एजेन्डा दिन सक्ने मानिस जोकोही नेतृत्वमा आउन सक्नुपर्ने हो । तर, एउटा सरकारको विकल्पमा बन्ने अर्को सरकारका प्रधानमन्त्री पनि भूतपूर्व प्रधानमन्त्रीमध्येबाटै छान्नुपर्ने परिस्थिति छ । तसर्थ, विद्यार्थी राजनीतिमा लागू भएको उमेर हदको प्रावधानलाई अरू क्षेत्रहरूमा पनि प्रवेश गराउनेबारे आवश्यक छलफल गरिन जरूरी छ ।


## सामाजिक सञ्जाल


सूर्यराज आचार्य

स्कुल/कलेज जानुपर्छ, पढ्नुपर्छ, जाँच पास गर्नुपर्छ, अझ सकेमा राम्रो ग्रेड ल्याउनुपर्छ । तर, पढाइ खासमा के हो ? किन पढ्ने ? के पढाउने र पढ्ने ? कसले पढाउने ? कसरी पढाउने र पढ्ने ? जीवन र समाजका लागि पढाइ कहाँ र कसरी जोडिन्छ ? बजारिया बहसमा यस्ता प्रश्नहरूबारे खासै चासो देखिँदैन ।


पुरूषोत्तम ढुंगेल

यो देशमा पार्टीकै नेताहरू समस्या भए । विलासी भए । ऐस आरामी भए । सुख सयलमा रम्ने भए । कोही सवा २ करोडको गाडी चढ्ने, कोही करोडकै चस्मा र जुत्ता लगाउने । कोही ह्यान्ड ब्याग नै लाखौं लाखको देखाउने । कोही दिनमै दर्जन सुट फेरिरहने । देश र जनताका लागि नेताहरू आशा र भरोसाका पात्र हुनुपर्नेमा अभिशाप भए ।


प्रेमकान्त अधिकारी

अन्याय सहन्छु, अपमान सहन्नँ । अपमानित भएर कोही कहीँ पनि बस्न नपरोस् र नबसोस् । जो-जो बसिरहेछन् र बस्दै छन्, उनीहरू पनि नबसून् । घृणित पात्र हेला हुन्छन्, 'मूर्खमध्ये प्रतिष्ठित' भनेजस्तै अपमानित भएर बस्दा । याद आउँछ होला नि कस्ता-कस्ता शब्द, वाक्य, नारा आइरहेछन् सामाजिक संजालहरूमा ।


सुमन श्रेष्ठ

इमानदारीपूर्वक भन्नुपर्दा, कसैलाई पनि सम्बन्धमा रहन सजिलो हुँदैन । सबैका आफ्नै काम गर्ने तरिका फरक हुन्छन्, जसले हामीलाई हामी को हौं भनेर देखाउँछ । उत्तम मानिस र सम्बन्ध सिनेमामा मात्र हुन्छन् । महत्त्वपूर्ण कुरा भनेको खराब दिनमा पनि तपाईंलाई माया गर्ने र कठिन समयमा लड्ने व्यक्ति खोज्नु हो ।

# इतिहासलाई लिपिबद्ध गर्ने सवाल

*मानव वर्तमानमा रहन्छ र उसले भविष्यका लागि योजना तर्जुमा गरी अँध्यारोबाट उज्यालोतिर लम्कनका लागि प्रयत्न गरी क्रियाशील रहन खोजेको हुन्छ । बोधगम्य र अबोध घटनाहरु शृंखलामा नरहेको भए पनि मानिसका लागि इतिहास रहेको हुन्छ...*

अग्रलेख



● यामबहादुर थापामगर

मानव प्राणी जगत्मा अन्य प्राणीभन्दा पृथक् छ । मानवले आधारभूत गास, बास र कपासका साथै आय, आर्थिक वृद्धि, आर्थिक विकासको, औसत आयुलाई जीवनशैली मापनअनुसार दीर्घजीवन हुनेगरी सापेक्ष रूपमा बढाउन चाहेको हुन्छ ।

विकासको परिभाषा अहिले बहुआयामिक अर्थमा परिभाषित हुन थालेको छ । मानिस निरन्तर खोज अनुसन्धानमा लागिरहने प्राणी भएकाले खोजको क्षेत्र अनुकरणीय छ । सुख र आनन्द प्राप्तिको खोजीमा लागिरहने मानव कुनै खोज र विकास विनाश तथा सर्वनाशको प्रबल जोखिममा विश्वलाई मानवले नै विकासका नाममा निर्माण गरेको अणु बम, एटम बमको तीव्र विकासले पृथ्वीलाई दर्जनौं पटक क्षति गर्न सक्ने प्रविधि संचित गरेर राखेको छ ।

सकारात्मक सोच र शैलीको विकासका लागि अभियान चलाउँदै गर्दासमेत स्वचालित रूपमा नकारात्मक सोच र शैलीको दबदबा मानव जीवनमा निरन्तर आइरहेको छ ।

मानव जातिमा घटेका घटनाहरूको वैज्ञानिक कथन नै इतिहास हो । मानव वर्तमानमा रहन्छ र उसले भविष्यका लागि योजना तर्जुमा गरी अँध्यारोबाट उज्यालोतिर लम्केनका लागि प्रयत्न गरी क्रियाशील रहन खोजेको हुन्छ । मानवले जानेर वा नजानेर इतिहास निर्माण गरिरहेको हुन्छ । बोधगम्य र अबोध घटनाहरू शृंखलामा नरहेको भए पनि मानिसका लागि इतिहास रहेको हुन्छ ।

इतिहासले संसारमा भएका घटनाहरू जान्न सहयोग गर्छ । इतिहास सामूहिक अनुभवहरूको स्रोत हो । कतिपयले इतिहास एक प्रकारको जितको परिणाम आउने प्रयोगशाला पनि भन्ने गर्छन् । हारका परिघटनाहरूको समेत थोरै मात्रामा लेखन र अभिलेखीकरण तरिकाले व्यवस्थापन गरिएको हुन्छ । इतिहासले मानिसलाई समाजहरू बुझ्न सहयोग गर्छ ।

इतिहास हरेक मानवका लागि प्रेरणाको स्रोत हुन सक्छ । संसारमा भएका विभिन्न प्रकारका वैज्ञानिक तवरले प्रमाणित संस्कृतिहरू चिन्ने र बुझ्ने हुँदा यसबाट दैनिक जीवनमा अवलम्बन गर्ने आधारहरू प्राप्त हुन्छ । इतिहास दोहोरिन्छ भन्ने मान्यताबमोजिम बुद्धिमानीपूर्वक अवसर र मौकालाई छनोट गर्न अनुमति दिई प्रगतिशील अग्रगामी निर्णय गर्न सहयोग गर्छ ।

यसले विभिन्न कालखण्डमा भएका परिर्वतन बुझ्न सघाउँदै नवीन परिवेशको वातावरणअनुकूल हुनेगरी समायानुकूल गराउँछ । विगतमा समाजभित्र भएका हत्या, आतंक, चोरी, डकैती, पाशविक घटनाहरूलाई तिलाञ्जलि दिँदै नैतिक जिम्मेवारी अभिवृद्धि गरी सभ्य समाज निर्माण गर्नमा सहयोग गर्छ ।

शिक्षित समाजमा कि अशिक्षित समाजमा जीवनयापन गरेको छ भन्नेबारेमा निर्धारण र छनक प्रदान गरी असल र खराबको पहिचान बनाउन पनि इतिहासको अध्ययनबाट थाहा हुन्छ । मानिसको व्यक्तित्व विकासका लागि बहुआयामिक क्षेत्रमा पहुँच बढाउन लागि क्षमता विकास गर्ने आधारहरू प्रशस्त मात्रामा इतिहासले जगको रूपमा आधार प्रदान गर्छ ।

इतिहास ज्ञान, विज्ञान, साहित्य, शिल्प र शास्त्रहरूको समग्र जग हो । इतिहासले कहिल्यै नदेखेको, नसुनेको, नछामेको र नछोएको कुराका बारेमा सोच्न सहज र सजिलो बनाई आत्मविश्वासका साथ विश्व बजारमा प्रतिस्पर्धा गर्न लायक क्षमता प्रदान गर्छ । मानवमा कल्पनाशीलताको विकास र त्यसलाई संचार गर्न सक्ने सीप तथा प्रविधिको विकासमा टेवा दिएको हुन्छ ।

शिक्षाबिनाको मानव अहिले कल्पनासमेत गर्न सकिँदैन । ज्ञानबिनाको मानिस पशु सरह हुन्छ । विश्वव्यापीकरणको बढ्दो प्रभाव र प्रयोगले थोरै प्रयोगमा आउने भाषा, जातजातिलगायतका पहिचानको अस्तित्वमा दिन प्रतिदिन ह्रास आएको छ । स्वचालित प्रणालीको विकासले मानवलाई इ-बुक, इ-लाइब्रेरी, डिजिटल विकासले मानवमा विगतका अभ्यासलाई परिष्कार गर्नमा दबाब दिएको छ ।

कृत्रिम बौद्धिकताको विकास, च्याट जीपीटी, मेटाफर्सलगायतको तीव्र विकासले मानवमा असामाजिकतातर्फ उन्मुख भएको त होइन ? भन्ने आभास पनि हुने गरेको छ ।

ज्ञान लिनका लागि निरन्तर रूपमा अरूभन्दा प्रतिस्पर्धामा अगाडि उभिनका लागि स्वचालित रूपमा




लागेको पाउन सकिन्छ । मानव जाति आफूसँग भएको वस्तुमा सन्तोष मानेर वा थकाइ मारेर विल्कुल बस्न जानेको छैन । त्यसैले वैज्ञानिक अनुसन्धानका लागि मानिस अतृप्त ज्ञानका लागि अध्ययन गर्ने शैलीमा गुगल सर्च हाबी हुँदै गएको पाउन सकिन्छ । शिक्षाको सिकाइ जीवनपर्यन्त रूपमा सिकिरहने वातारण निर्माण गरी सोहीबमोजिम आधुनिक र समयानुकूल शैली खोजी र अनुसन्धानमा लाग्नमा लागि महत्त्वपूर्ण रहेको छ ।

आमसंचारमा सूचना र प्रविधिको विकासले छपक्क छोपेको समयमा अध्ययन शैलीलाई सकारात्मक सोचले ओतप्रोत बनाई समाज परिवर्तनका लागि आधार स्तम्भका रूपमा अगाडि बढाउन जरुरी छ । सूचना प्रवाहको बाढीले अनावश्यक योजनाविहीन सूचना र जानकारीले ग्रस्त हुँदा भविष्यमा काम लाग्नेभन्दा सूचनाको फोहोर निर्माण भई त्यसको खाडलमा युवा जमात पर्न गएको छ ।

नकारात्मक प्रभाव र दबाब पार्ने शैलीमा भाइरल प्रवृत्तिका कारण गुणात्मक र ज्ञानबर्द्धक शिक्षाप्रद क्षेत्र ओझेलमा परेको हो कि भनेर समयसमयमा छलफल र अन्तर्क्रियाहरू पनि हुने गरेको छ । यसलाई विद्वत् वर्गमा मात्र छलफल सीमित नराखी बस्तीबस्ती र जनजनको मस्तिष्कमा आभास दिलाउन जरुरी छ ।

संसारसहित ब्रहाण्डको छिटो र सरल तरिकाले जानकारी लिन मानिसलाई छिटो अवसर प्राप्त भएको छ । विश्वका बारेमा अध्ययन गर्न मानिसका लागि सानो हुन गएको छ । हिजोका दिनमा पाठशाला, कचहरी, धर्मशाला, विद्यालय, विश्वविद्यालयमा हुने शिक्षणका विधिमा समेत आजभोलि समाज कृत्रिम बौद्धिकताको प्रभाव र मेटाफर्स विधिको उपयोग गर्नमा खोज अनुसन्धान र विकास विस्तारमा अहोरात्र लागेको छ । शिलालेख, मूर्ति निर्माण, पर्चा, पोस्टर, भित्तेपात्रो, आमसभा, हडताल, जुलुस, ब्यानर, भित्तेलेखन, घुमन्ते गायकका माध्यमबाट समाजमा सूचना आदानप्रदान हुने गर्थ्यो तर आज सामाजिक संजालबिनाको प्रचारप्रसार र शिक्षाको प्रभावलाई सजिलो बनाई कम्प्युटर, ल्यापटप, मोबाइल, टयाब्लेटलगायतका सामग्रीबाट सहज रूपमा हासिल गर्न सकिन्छ ।

> अहिले मानिसको रोजगारी खोस्ने र सिर्जनात्मक कार्यशैलीमा ह्रास हुनेगरी कृत्रिम बौद्धिकताको बढ्दो प्रयोगलेसिकाइलाई सर्वसुलभ बनाए पनि मानिसको दैनिक व्यवहारमा हुनुपर्ने क्रियाशीलतामा न्यूनीकरण भई नसर्ने रोगहरूको प्रभावमा मानिसहरु पर्ने गरेका छन्...

अहिले मानिसको रोजगारी खोस्ने र सिर्जनात्मक कार्यशैलीमा ह्रास हुनेगरी कृत्रिम बौद्धिकताको बढ्दो प्रयोगले सिकाइलाई सर्वसुलभ बनाए पनि मानिसको दैनिक व्यवहारमा हुनुपर्ने क्रियाशीलतामा न्यूनीकरण भई नसर्ने रोगहरूको प्रभावमा मानिसहरू पर्ने गरेका छन् । स्मरण शक्तिमा अनावश्यक सूचनाले तनावमा पारी मानिस डिप्रेसनको शिकार हुने गरेको छ । उच्च मनोकांक्षा बढेर जाँदा जीवनमा संघर्ष र कठोरताको सामना गर्नुपर्छ भन्ने ज्ञानको भौतिक रूपमा मानव समाजको विकास गर्नबाट बिमुख भएकाले आत्महत्या दुरुत्साहनको संख्या दैनिक रूपमा बढेको देखिन्छ ।

आत्महत्याको बढ्दो प्रवृत्तिलाई न्यूनीकरण गर्न सूचना प्रविधिको विकासको सकारात्मक पक्षलाई जनजनमा अनुभूत गराउने अभियानको खाँचो छ । सूचना शक्ति हो । सूचनाबिना विश्वको ज्ञान, अध्ययन गर्ने अर्को माध्यम छैन । तर, साइबर अपराधको बढ्दो विकासले स्वच्छ वातावरणयुक्त मस्तिष्कलाई तनावतर्फ दोहोऱ्याउने विकृत सामग्रीहरू प्रविधिका माध्यमबाट सर्वसुलभ हातहातमा उपलब्ध भएको छ । यसले भोलिका कर्णधार बालबालिकादेखि र ऊर्जावान् युवाका लागि विष पिएसरहको नोक्सानी गरेको छ ।

तसर्थ, ज्ञानहरूलाई वैज्ञानिक तरिकाले संग्रह गरी भावी पुस्तालाई कुलत, कुरीति, कुचलन, कुसंस्कारबाट बिमुख गराई समुन्नत र समृद्धितर्फ निरन्तर डोहोऱ्याउनुपर्ने अवस्था आएको छ । संसार सूचना र प्रविधिको विकासले ज्ञानमा आधारित समाज विश्वव्यापीकरण बनेको छ । सूचना प्रविधिमैत्री वातावरण निर्माण गरी सहज र संग्रह गरी भावी पुस्ताका लागि सुमार्गमा डोहोऱ्याउनेतर्फ प्रयास हुनुपर्छ ।

समाज विज्ञानका हरेक पक्षका सामग्रीहरू, जस्तै : वातावरण, राजनीतिक, सामाजिक, भूगोल, गणित, विज्ञान, इतिहास, अर्थशास्त्र, व्यवस्थापन, साहित्य, भाषा, पत्रकारिता, कला, स्वास्थ्यलगायत पूर्वाधार विकासका लागि फराकिलो सोचका साथ गाउँ समाजमा नै बस्ने आधार निर्माण गर्न बहस र पैरवी चलाउन आवश्यक छ ।

## इतिहासमा आज

३१ डिसेम्बर १४९२ मा इटालीको सिसली क्षेत्रमा १ लाख यहुदीलाई निकाला गरिएको थियो ।



३१ डिसेम्बर १८६१ मा चेरापुँजी असममा २२ हजार ९९० मिलिमिटर वर्षा भएको थियो, जुन विश्वमै सर्वाधिक वर्षा मानिन्छ ।



३१ डिसेम्बर १९६४ मा इन्डोनेसियालाई संयुक्त राष्ट्रसंघबाट निष्कासन गरिएको थियो ।



३१ डिसेम्बर १९९९ मा इन्डियन एयरलाइन्सको विमान ८१४ अपहरण गरी अफगानिस्तानको कन्धार हवाई अड्डामा लगिएको थियो । ७ दिनपछि १९० जनालाई सकुशल रिहाई गरिएको थियो ।



## मेरो मत

### कम्युनिज्मको भाव त्यागेका कम्युनिस्ट

'कम्युनिज्म' शब्द 'कम्युन' र 'इज्म' मिलेर बनेको छ । यो अंग्रेजी शब्दलाई हिन्दी र नेपालीको मूल भाषिक स्रोत संस्कृतमा अनुवाद गर्दा 'समुदायवाद' हुन आउँछ । समुदाय भनेको कुनै विशिष्ट मान्यता वा सम्प्रदायमा समेटिएको वा एउटा भूगोल विशेषमा बसोबास गरेको मानव समूह भन्ने बुझिन्छ, जसमा विभिन्न तह र वर्गका मानवहरू रहेका हुन्छन् । कम्युनिज्मलाई हिन्दी र नेपाली (देवनागरी) भाषीहरूले 'साम्यवाद' अनुवाद गरेका छन्, जसले समान अर्थात् सबै बराबरी हुनुको भाव प्रकट गर्छ । तर, यो भाव मानवमा पाइने प्राकृतिक नियमसम्मत देखिँदैन किनकि मानव-मानवका बीचमा शारीरिक संरचनामा मात्र होइन, आन्तरिक कारकहरू, जस्तै : बौद्धिक क्षमता, व्यक्तित्व, सोच, तर्क शक्ति आदिमा पनि भिन्नता हुन्छ । त्यसैले मानव समाजमा निरपेक्ष समानता कायम हुन सम्भव देखिँदैन ।

हो, विवेकसम्मत समानता भने कायम हुन सम्भव छ, जसले मानवमा स्वाभाविक रूपमा रहने फरक क्षमताका आधारमा सोहीअनुरूपको सुविधा र अवसर प्रदान गरेको हुन्छ । यस खाले व्यवहारलाई 'समानता'ले होइन, 'समता' शब्दले उचित प्रतिनिधित्व गरेको पाउन सकिन्छ । त्यसैले भावी उच्च आदर्श योग्य मानव समाज समुदायवादी होइन, समानतावादी पनि होइन, समतावादी हुनु सान्दर्भिक हुन सक्छ ।

कम्युनिज्मको अलाप जपेर राजनीतिको रोटी सेक्नेले भाव बुझेर व्यवहार गरून् किनकि अहिले उनीहरूको बुझाइ सही नहुँदा व्यवहार सही हुन सकेको छैन, जसले समाजलाई सही दिशातर्फ डोहोऱ्याउन सकिरहेको छैन । कुनै पनि कुरा भित्रबाट आफैं सही नभएको खण्डमा उसले दिने नतिजा पनि सही हुन सक्दैन । नेपालको कम्युनिस्टहरूको सन्दर्भमा पनि उनीहरू सही नबुझ्दा सही हुन सकिरहेका छैनन् । सिद्धान्ततः उनीहरू स्पष्ट भएर मात्र समाजलाई सही दिशातर्फ डोहोऱ्याउन सम्भव छ । तर, विडम्बना नै भन्नुपर्छ, नेपालका कम्युनिस्टहरू मात्र होइन, संसारभरका कम्युनिस्टहरू खास अर्थ समताको पछि छैनन् । समानताको नाममा थप खाडल खन्दै छन् । समयमै सच्चिन आवश्यक छ ।

**– ज्योतिलाल वन, गोरखा**

### 'जनयुद्ध' शब्दमाथिको राजनीति

माओवादी शान्ति प्रक्रियामा आउँदा, संविधान बनाउँदा 'जनयुद्ध' पदलाई जुन शब्दले विस्थापन गरियो, राज्यले पहिचान गर्ने पद त्यही हो र थियो । त्यो पद लेख्ने सहमतिमा पुग्नुको कारण पनि दुवैतर्फको बाध्यता पनि थियो, जसले एकअर्काविरुद्ध टाउकाको मूल्य तोके, जसले एकअर्काविरुद्ध रेड लिस्ट जारी गरे तर पछि भएका सम्झौता, सहकार्य, वार्ता आदि सबै उनका बाध्यता थिए । आत्मादेखिको स्वीकारोक्ति थिएन । सहकार्यको यो अवधिमा सुन्न र सहन सिक्नु आवश्यक छ । तत्कालीन राज्य पक्षकाले बुझेको आतंक र तत्कालीन माओवादी पक्षले बुझेको आतंक सामान्य थिएन । त्यस कारण दुवैबीचको सहवास सजिलो हुँदैनथ्यो ।

अहिलेका राष्ट्रपति तथा विगतका गृहमन्त्री माओवादी विद्रोहीलाई सिध्याउनुपर्छ भन्ने पक्षमा थिए । माओवादी विद्रोहीहरू पनि अहिलेका राष्ट्रपति तथा विगतका गृहमन्त्रीलाई सिध्याउनुपर्छ भन्नेमा थिए । राज्य पक्षले विद्रोहीको टाउकाको मोल तोकेको थियो भने विद्रोही पक्षले पनि रेड लिस्टमा राखेको थियो । विगतमा अवस्था कस्तो थियो र कसरी सम्झौता भएको थियो भन्ने विषय बिर्सन सहज छैन । कसरी दलहरू सहकार्यको अवस्थामा आए, कसरी व्यवस्था बदलिन सम्भव भयो, कसरी संविधान लेख्ने र राज्यको पुनर्संरचना गर्ने अवस्था बन्यो भन्ने सबैलाई ज्ञात नै छ । त्यस कारण कोही अदालतको धुरीमा चढेर मात्तिने विषय सही होइन ।

**– सन्दीप पनेरू, नुवाकोट**

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । – सं.

# कुण्डला आधारभूत विद्यालयमा शैक्षिक सामग्री वितरण



**काठमाडौं/मस-** नुवाकोटमा रहेको कुण्डला आधारभूत विद्यालयका १०५ जना विद्यार्थीहरुलाई शैक्षिक सामग्री वितरण गरिएको छ।

लायन्स क्लव अफ काठमाडौं शुभआरम्भ, नागरिक सचेतना समाज नेपाल र समाजसेवी र संस्थागत विद्यालयहरुले आधारभूत विद्यालयका विद्यार्थीलाई ट्र्याकसुट, टिर्सट, टोपी, झोला, कपि, कलम वितरण गरिएको हो। क्लवका अध्यक्ष सुशान्त न्यौपानेसहित लायन्स क्लवका पदाधिकारीहरु, नागरिक सचेतना समाज नेपालका सदस्यहरु, समाजसेवी, शुभकामना स्कुलका प्रचार्य कुमार ढकाल, मनकामना फुड प्रोडक्टका प्रबन्ध निर्देशक विष्णु पौडेल लगायतले विद्यालयलाई सामग्री हस्तान्तरण गरेका छन्। समाजसेवी यूवाहरुले कपि, कलम, पेन्सिल र कलर उपलब्ध गराएका थिए।

क्लबका अध्यक्ष सुशान्त न्यौपानेकाअनुसार नागरिक सचेतना समाज नेपाल, तारकेश्वर ४ मा रहेको सृजना ज्ञानसागर सेकेण्डरी स्कुल, समाजसेवी बिनोद चापागाईं, रामकुमार थापा, व्यवसायी होम बोगटी, फ्लोरोसेन्ट मा.वि.का प्राचार्य तथा समाजसेवी कमलप्रसाद न्यौपानेसहितले १०५ थान ट्र्याकसुट र टिर्सट उपलब्ध गरेका थिए।

फ्लोरोसेन्ट मा.वि.का प्राचार्य कमलप्रसाद न्यौपानेले आमा स्वर्गीय घनकुमारी न्यौपानेको स्मृतिमा सहयोग गरेका थिए। त्यस्तै तारकेश्वर ९ मा रहेको शुभकामना इङ्लीस बोडिङ स्कुलले ५० थान झोला उपलब्ध गराएको थियो। त्यस्तै मनकामना फुड प्रोडक्टले १६० थान न्यानो टोपी उपलब्ध गराएको थियो।

शनिबार विद्यालयमा भएको एक औपचारिक कार्यक्रममा कार्यक्रमका प्रमुख अतिथि सूर्यगढी गाउँपालिका अध्यक्ष सन्तबहादुर घले तामाङले सहयोगी हातहरुलाई धन्यवाद दिँदै आगामी दिनमा अन्य विद्यालयहरुमा पनि सहयोग गर्न अनुरोध गरेका थिए। कार्यक्रममा लायन्स क्लव अफ काठमाडौं शुभआरम्भका अध्यक्ष, नागरिक सचेतना समाज नेपालका महासचिव तथा फरकपत्र द्वैमासिक पत्रिकाको प्रकाशक रामशरण न्यौपाने (सुशान्त)ले फरकपत्रको १२ औं वार्षिकोत्सवको अवसरमा केक काटेर विद्यार्थीहरुसँग खुसियाली साटेका थिए।

११ औं वार्षिकोत्सवको अवसरमा फरकपत्रले काठमाडौंमा एक विशेष कार्यक्रम गरी एसईई र एसएलसीमा उत्कृष्ट जीपीए ल्याउने तारकेश्वरमा अध्ययनरत विद्यार्थीहरुलाई सम्मान गरेको थियो। कार्यक्रममा बोल्दै विद्यालयका पूर्व विद्यार्थी तथा लायन्स क्लव अफ काठमाडौं शुभारम्भका अध्यक्ष रामशरण न्यौपाने (सुशान्त)ले आफुले पढेको विद्यालयमा उपस्थित भएर सहयोग गर्न पाउँदा खुसी लागेको बताए।

न्यौपानेले भने,'विद्यार्थी र विद्यालयले गरेको न्यानो स्वागत, सत्कारलाई सँधै सम्झिरहने छौं।' उनले मानव भएर जन्मिएपछि जीवनमा सबैले केही न केही मानव सेवा गर्नुपर्ने बताए। न्यौपानेले कोरोना महामारी, महाभूकम्प र बाढी पीडितमा पनि राहत वितरण कार्य गरेको बताए। कार्यक्रममा सूर्यगढी-४ का वडाध्यक्ष रामशरण राईले अभिभावकहरुले विद्यार्थीहरु नियमित विद्यालय गए/नगएको अनुगमन गर्न आवश्यक रहेको बताए।

शिक्षक र विद्यालय प्रशासनले पनि विद्यार्थीहरु दैनिक आएको/नआएको सूचना राख्नुपर्ने बताए।

लायन्स क्लव अफ काठमाडौं शुभारम्भका संस्थापक अध्यक्ष भाष्कर श्रेष्ठले यस वर्षका क्लव अध्यक्ष सुशान्त न्यौपानेले सक्रियतापूर्वक उत्कृष्ट कार्यहरु गरेकोमा प्रशंसा गरे। क्लवले यस वर्ष सरसफाइ र शैक्षिक सामग्री वितरणमा जोड दिएको छ। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष आफैंले पढेको विद्यालयमा आएर विद्यालयमा झोला, टोपी र स्टेशनरी सामग्री सहयोग गरेकोमा क्लवका अध्यक्ष सुशान्त न्यौपानेप्रति आभार प्रकट गरे।

विद्यालयका प्राचार्य प्रलाद भट्टराईले स्वागत मन्तव्य दिएका थिए। भट्टराईले विद्यालयका शिक्षकहरुको सहयोगमा विद्यार्थीहरुलाई जुत्ताको व्यवस्था गरिने जानकारी दिएका छन्।

# गाडीले ठक्कर दिंदा मलेसियामा १ नेपालीको मृत्यु



**तिलोचन गौतम/मध्यान्ह**
क्वालालम्पुर, १५ पुस

मलेसियामा गाडीले ठक्कर दिँदा एक नेपालीको मृत्यु भएको छ। गत मंगलबार राति काम सकेर कोठामा फर्किंदै गर्दा रुकुम पूर्व पुथाउत्तरगंगा गाउँपालिका वडा नम्बर ६ मयाङका ३५ वर्षीय पूर्णबहादुर ठकुरीको मृत्यु भएको हो।

मृतक ठकुरीको शव पोष्टमार्टको लागि केलाङमा रहेको क्लाङ हस्पिटलमा राखिएको छ। सनाखत भइसकेको र परिवारसमेत राजदूतावासको सम्पर्कमा रहेकोले आवश्यक कानुनी प्रक्रिया पुऱ्याएर शव नेपाल फर्काउने तयारी भइरहेको दूतावास श्रोतले जानकारी दिएको छ। ठकुरी मलेसियाको पोट्‌कलाङ पाण्डामारन नजिकै एक कम्पनीमा अवैधानिक रुपमा काम गर्दै आएका थिए।

# क्यान्सरपीडित गंगालाई नेप्लिज फिटनेस टिम कतारको सहयोग

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, १५ पुस

पाठेघरको क्यान्सर रोगबाट ग्रसित पर्वतको जलजला गाउँपालिका वडा नम्बर ७ धाइरिङकी ५५ वर्षीया गंगा दमाईको उपचारका लागि कतारबाट थप सहयोग प्राप्त भएको छ।

कतारमा रहेको नेप्लिज फिटनेस टिम कतारले १९ हजार ६ सय ११ रुपैयाँ बिरामी गंगालाई सहयोग गरेका हुन्। कतारका नेपालीहरूका







सार्वजनिक कार्यक्रममा उच्च सुरक्षा तथा सहजकर्ताको भूमिका निर्वाह गरिरहेको फिटनेस टिमले मानवीय हितमा विभिन्न सहयोग गर्दै आइरहेको छ।

फिटनेसका अध्यक्ष कृष्ण सुनारले प्रवासबाट बिरामीको उपचारमा सघाउन पाउँदा आफूहरूलाई खुसी लागेको बताए। सुनारले बिरामीको शीघ्र स्वास्थ्य लाभको कामना समेत गरे।

बिपी कोइराला क्यान्सर अस्पतालमा क्यान्सरको अप्रेसन गरी घरमा आराम गरिरहेकी गंगाको उपचारमा ठूलो रकम खर्च भइसकेको छ। घरको आर्थिक अवस्था कमजोर र लाखौं ऋणमा डुबेको गंगाको परिवारले थप सहयोगको अपिल गरेको छ। बिरामीलाई सहयोग गर्न चाहनेले बिरामीको छोरी अनिता दर्जीको एनएमबि बैंकको खाता नम्बर १२१०२००९४१७००१२ वा राष्ट्रिय वाणिज्य बैंकको खाता नम्बर ३५००१००००००४१२०३ मा सहयोग गर्न सकिने व्यवस्था गरिएको छ।




# संचित बचत तथा ऋण सहकारी संस्था लि.

**भक्तपुर न.पा. वडा नं. १५, भक्तपुर (हाल भक्तपुर न.पा. वडा नं. ४)**

## धितो लिलाम बढाबढको ३५ दिने सार्वजनिक सूचना

**प्रकाशित मिति : २०८१/०९/१६ गते मंगलबार**

यस संचित बचत तथा ऋण सहकारी संस्था लि.बाट तपसिलमा उल्लेखित सवारी साधन/घर जग्गा सुरक्षण वापत धितो राखी तपसिलका ऋणीहरुले लिनु भएको हायर पर्चेज/व्यापारिक कर्जाको साँवा, ब्याज लगाएतका अन्य रकम यस संस्था संगको शर्त, कबुलियत बमोजिम तिर्न र बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धित शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न अनुरोध गरी पटक पटक मौखिक तथा लिखित एवंम् राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सूचना मार्फत तरताकेता पत्राचार गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले सहकारी ऐन २०७४ को दफा ७९ र ८३ तथा सहकारी नियमावली २०७५ को नियम ३० बमोजिम कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ (पैत्तिस) दिन भित्र तपसिलका ऋणीले अबिलम्ब यस सहकारीमा सम्पर्क राखी उक्त ऋण कर्जाको सम्पूर्ण बाँकी साँवा, ब्याज र हर्जना समेत कर्जा रकम एकमुष्ठ चुक्ता भुक्तानी गरि गराई सुरक्षणमा राखिएको धितोको सम्पत्तिको संरक्षण गर्नु हुन भनी यो सूचना प्रकाशित गरिएको छ। तोकिएको समयमा साँवा, ब्याज र हर्जना समेत नतिरे नबुझाएमा तपसिलमा उल्लेखित धितो सुरक्षाको सवारी साधन/घर जग्गा लिलामी, बिक्री वा सकार गरि कर्जा रकम असुल उपर गरिने ब्यहोरा सबैमा जानकारी गराईन्छ। यो सूचना प्रकाशित भएको मितिले ३६ (छत्तिस) दिनको दिनमा तपसिलमा उल्लेखित सवारी साधन/घर जग्गा लिलामी सकार गरि लिन ईच्छुक ब्यक्ति वा संघ संस्थाले तपसिलमा उल्लेखित शर्तको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। सूचना बमोजिम शिलबन्दी बोलपत्र नपरेको अवस्थामा सहकारी आफैले सकार गरि सहकारीको नाममा नामसारी दाखिला खारेज गरि संस्थाको नाममा राखिने ब्यहोरा सूचित गराईन्छ।

| ऋणीको नाम थर ठेगाना | फोटो | धितो सुरक्षणको बिवरण |
|---|---|---|
| **नाम : बम बहादुर परियार**<br>बाबुको नाम : प्रेमनाथ परियार<br>बाजेको नाम : बिष्णु बहादुर परियार<br>ठेगाना : महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. ३ हाल भक्तपुर जिल्ला, भ.न.पा. ४<br>ना.प्र.नं : १८३०७५/८३५<br>जि.प्र.का : महोत्तरी<br>जारी मिति : २०६३।११।२१<br>कर्जा शिर्षक : हायर पर्चेज कर्जा |  | कम्पनीको नाम : महेन्द्रा एण्ड महेन्द्रा<br>सवारीको मोडल : LOADKING SUPER<br>बनेको साल : २०१०<br>च्यासिस नं. : MA1GD2BGDA3C 12969<br>इन्जिन नं. : BGA4C 11609<br>सवारी दर्ता नं. : बा. ३ ख. ५९४६ |
| **नाम : बिशाल बिश्वकर्मा**<br>बाबुको नाम : कान्छा कामी<br>बाजेको नाम : गोपीलाल कामी<br>ठेगाना : काभ्रेपलाञ्चोक जिल्ला, चौरी देउराली गा.पा.४<br>हाल : भक्तपुर जिल्ला, भ.न.पा. ४<br>ना.प्र.नं : ३०-०१-०६६-०२५६४<br>जि.प्र.का : काभ्रेपलाञ्चोक<br>जारी मिति : २०६६।११।१३<br>कर्जा शिर्षक : हायर पर्चेज कर्जा |  | कम्पनीको नाम : महेन्द्रा एण्ड महेन्द्रा<br>सवारीको मोडल : LOADKING PRIDE<br>बनेको साल : २०१०<br>च्यासिस नं. : MA1GD2BGDA3K 19947<br>इन्जिन नं. : BGA4R 49175<br>सवारी दर्ता नं. : बा. २ ख. ९९२३ |
| **नाम : हरी शरण ब्यान्जु**<br>बाबुको नाम : मंङ्गलाल ब्यान्जुं<br>बाजेको नाम : कृशलाल ब्यान्जु<br>ठेगाना : भक्तपुर जिल्ला, नंखेल गा.वि.स. वडा नं. २<br>ना.प्र.नं : २९-०१-०६६-००१६१<br>जि.प्र.का : भक्तपुर<br>जारी मिति : २०७५।०५।२२<br>कर्जा शिर्षक : हायर पर्चेज कर्जा |  | कम्पनीको नाम : टाटा मोटर्स लि.<br>सवारीको मोडल : LP712EX/38<br>बनेको साल : २०१३<br>च्यासिस नं. : MAT453514C7J 37477<br>इन्जिन नं. : 497TC92JXY 854677<br>सवारी दर्ता नं. : बा. ३ ख. २००५ |
| **नाम : किशोर भारती**<br>बाबुको नाम : रामकृष्ण भारती<br>बाजेको नाम : जगन्नाथ भारती<br>ठेगाना : भक्तपुर जिल्ला, चा.न.पा. वडा नं. ६<br>ना.प्र.नं : २९३००८/१२१<br>जि.प्र.का : भक्तपुर<br>जारी मिति : २०६३।११।२३<br>कर्जा शिर्षक : हायर पर्चेज कर्जा |  | कम्पनीको नाम : महेन्द्रा एण्ड महेन्द्रा<br>सवारीको मोडल : TOURISTER BS 3<br>बनेको साल : २०१४<br>च्यासिस नं. : MESHB2BTDE3A 10197<br>इन्जिन नं. : BTD4M91214<br>सवारी दर्ता नं. : बा. ३ ख. ३७७३ |
| **नाम : जगत बहादुर घलान**<br>बाबुको नाम : ताम्वा घलान<br>बाजेको नाम : विरमान सिंह<br>ठेगाना : काभ्रेपलाञ्चोक जिल्ला, महाभारत गा.पा. वडा नं.४ भई हाल भ.पु.जि. भ.न.पा. १०<br>ना.प्र.नं : १६६०/९९५<br>जि.प्र.का : काभ्रेपलाञ्चोक<br>जारी मिति : २०४५।०२।२६<br>कर्जा शिर्षक : हायर पर्चेज कर्जा |  | कम्पनीको नाम : महेन्द्रा एण्ड महेन्द्रा<br>सवारीको मोडल : LOADKING PRIDE<br>बनेको साल : २०१४<br>च्यासिस नं. : MA1GD2BTHEG 14432<br>इन्जिन नं. : BTE4F 97043<br>सवारी दर्ता नं. : बा. ३ ख. ५१२१ |
| **नाम : सरोज थापा**<br>बाबुको नाम : सानु थापा<br>बाजेको नाम : सुर्दशन थापा<br>ठेगाना : भक्तपुर जिल्ला, सिरुटार गा.वि.स. वडा नं.६<br>ना.प्र.नं : ९२०४<br>जि.प्र.का : भक्तपुर<br>जारी मिति : २०५९।०७।२७<br>कर्जा शिर्षक : हायर पर्चेज कर्जा |  | कम्पनीको नाम : टाटा मोटर्स लि.<br>सवारीको मोडल : LP712EX/38<br>बनेको साल : २०१६<br>च्यासिस नं. : MAT453514F7G 12855<br>इन्जिन नं. : 497TC92GUY 828451<br>सवारी दर्ता नं. : बा. ४ ख. ७५२ |
| **नाम : कमल बहादुर श्रेष्ठ**<br>बाबुको नाम : दिलराज श्रेष्ठ<br>बाजेको नाम : तलकराज श्रेष्ठ<br>ठेगाना : रामेछाप जिल्ला, भटौली गा.वि.स. वडा नं. ९<br>(हाल भक्तपुर जिल्ला, भ.न.पा.वडा नं. १)<br>ना.प्र.नं : ६४३४२<br>जि.प्र.का : रामेछाप<br>जारी मिति : २०६०।१०।०४<br>कर्जा शिर्षक : हायर पर्चेज कर्जा |  | कम्पनीको नाम : महेन्द्रा एण्ड महेन्द्रा<br>सवारीको मोडल : TOURISTER 25 BS<br>बनेको साल : २००९<br>च्यासिस नं. : MA1GF 2BGD 93 A10150<br>इन्जिन नं. : BG 84 M 15226<br>सवारी दर्ता नं. : बा. २ ख. ६३५० |
| **नाम : संजिव रोक्का मगर**<br>बाबुको नाम : दलजित रोक्का मगर<br>बाजेको नाम : वागबिर रोक्का मगर<br>ठेगाना : कास्की जिल्ला, पोखरा उप महानगरपालिका वडा नं. ५<br>(हाल भक्तपुर जिल्ला, भक्तपुर नगरपालिका वडा नं. २)<br>ना.प्र.नं : ११७५२८<br>जि.प्र.का : कास्की<br>जारी मिति : २०५८/०५/०१<br>कर्जा शिर्षक : आवास कर्जा |  | रुषा रंजितको नाममा मालपोत कार्यालय भक्तपुरमा दर्ता कायम रहेको भक्तपुर जिल्ला, भक्तपुर नगरपालिका वडा न. १५ (हाल भक्तपुर नगरपालिका वडा नं. २) स्थित कि.नं. १८ को क्षेत्रफल ०-०-१-१, कि.नं. २३ को क्षेत्रफल ०-०-२-२, सोमा बनेको घर समेत। |
| **ऋणीको नाम : कृष्ण कैलास के.सी.**<br>बाबुको नाम : भिमसेन के.सी.<br>बाजेको नाम : जगतमान के.सी<br>न.प्र.नं.:- २७-०१-०७१-०४१९२,<br>जि.प्र.का. काठमाडौं।<br>जारी मिति : २०७१।०७।०२<br>ठेगाना : बज्रयोगिनी गा.वि.स.-७ काठमाडौं।<br>हाल शंखरापुर नगरपालिका वडा नं. ८ |  | कृष्ण कैलास के.सी. को नाममा मालपोत कार्यालय साँखुमा दर्ता कायम रहेको काठमाडौं जिल्ला साविक साल्खा गा.वि.स. वडा न. ७ हाल शंखरापुर नगरपालिका वडा नं. ८ स्थित (क)७/घ कि.नं. ८७ को क्षेत्रफल ०-९-२-०, (ख)७/च कि.नं. १६ को क्षेत्रफल ०-८-२-०, (ग)७/ग कि.नं. ३१७ को क्षेत्रफल ०-६-२-३ |

**धितो लिलाम सम्बन्धि शर्तहरु।**

१) बोलपत्र फारम संचित बचत तथा ऋण सहकारी संस्था लि. को भुलाँचा कार्यालयबाट कार्यालय समय भित्र रु ५००।०० (अक्षरेपि पाँच सय मात्र ) तिरी प्राप्त गर्न सकिनेछ।

२) बोलपत्रमा आफुले खरिद गर्ने इच्छा गरेको सम्पत्ति बिवरणको सवारी सवारी साधन/घर जग्गाको एकमुष्ठ/छुट्टा छुट्टै मुल्य र खरिद गर्न चाहेको सवारी साधन/घर जग्गा को के कति स्पष्ट हुने बिवरण खुलाई बोलपत्र फारम भर्नु पर्नेछ र उक्त खरिद गरि लिन चाहेको सवारी साधन/घर जग्गाकाके कति रकममा खरिद गर्न चाहेको हो सो ब्यहोरा अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनु पर्नेछ।

३) बोलपत्र साथ आफुले कबुल गरेको रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत संचित बचत तथा ऋण सहकारी संस्था लि.मा जम्मा गरेको भौचर समावेस गर्नु पर्ने छ।

४) उक्त सवारी साधन ब्यक्ति वा संस्था एक्लैले वा संयुक्त रुपमा पनि खरिद गर्न सकिने गरि बोलपत्र पेश गर्न सकिनेछ।

५) ब्यक्तिले खरिद गर्ने भए नेपाली नागरिकताको प्रतिलिपी पेश गर्नु पर्नेछ। फर्म/कम्पनी/संस्थाले खरिद गर्ने भए सो फर्म/कम्पनी/संस्थाको दर्ता तथा आयकर दर्ता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ।

६) बोलपत्र फारममा आवश्यक बिवरण खुलाई खामबन्दी/शिलबन्दी गरि खाम बाहिर "धितोमा रहेको सवारी साधन/घर जग्गा लिलाम बिक्रिको लागि गोप्य शिलबन्दी बोलपत्र" उल्लेख भएको हुनु पर्नेछ।

७) बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बिदा परेमा बिदाको लगत्तै खुलेको दिनमा बोलपत्र बुझाउन/खोल्न सकिनेछ। सो तोकिए अनुसारको दिन बिदा परेमा त्यस पछिको लगत्तै कार्यालय खुलेको दिन कार्यालय समय भित्र बोलपत्र खोल्न सकिनेछ।

८) गोप्य शिलबन्दी बोलपत्र फाराम मिति २०८१।१०।२० गते भित्र र उक्त धितो लिलामी सूचनामा तोकिए बमोजिमको समय र स्थानमा प्राप्त भई सक्नु पर्नेछ। म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त सहितको बोलपत्र उपर कुनै कारवाही गर्ने छैन।

९) प्राप्त हुन आएको बोलपत्रहरु बोलपत्र दाता वा निजको प्रतिनिधि र अन्य प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ। बोलपत्र दाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले मात्र बोलपत्र खोल्न बाधा पर्ने छैन।

१०) लिलाममा प्राप्त हुन आएका बोलपत्रहरु कारण खुलाई वा नखुलाई स्वीकृत गर्ने/नगर्ने वा नेगोशियसन गर्ने वा कुनै पनि अवस्थामा लिलाम प्रक्रिया रद्द गर्ने लगाएतका सम्पूर्ण अधिकार सहकारी संस्थामा सुरक्षित रहनेछ।

११) बोलपत्र स्वीकृत भएमा बोलपत्र दातालाई सहकारी संस्थाको कार्यालयबाट जानकारी गराएको १५ दिन भित्र सम्पूर्ण कबुल गरेको रकम संस्थामा बुझाई उक्त सम्पत्ति आफ्नो नाममा नामसारी गर्ने प्रक्रिया अगाडी बढाउनु पर्ने तथा आवश्यक सम्पूर्ण ब्यवस्था खरिदकर्ताले नै मिलाउनु पर्ने छ। साथै उक्त बाँकी रकम तोकिएको समयमा नबुझाएमा धरौटी बापत रहेको १० (दश) प्रतिशत रकम स्वत: जफत हुनेछ।

१२) बोलपत्र स्वीकृत भएको जानकारी लिन बोलपत्र दाता स्वयं वा निजको आधिकारिक प्रतिनिधि सहकारी संस्थामा उपस्थित हुनु पर्नेछ।

१३) इच्छुक खरिद कर्ताले खरिद गर्न चाहेको सवारी साधन जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा खरिद गर्नु पर्नेछ। लिलाम बिक्री हुने सम्पत्ति र अन्य कुरा बुझ्न हेर्न वा स्थलगत निरीक्षण गर्न चाहनु हुने महानुभावहरुले धनि संचित बचत तथा ऋण सहकारी संस्था लि.को कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नु हुनेछ।

१४) लिलाम बोलकबोल गरेको रकम वा धरौटी बापटको बुझाएको रकममा कुनै किसिमको ब्याज प्रदान गरिने छैन , साथै लिलाम सदर/बदरको निर्णय नभए सम्म धरौटी रकम फिर्ता माग गर्न पाईने छैन।

१५) बोलकबोलमा उल्लेख गरेको ब्यक्ति वा संस्था बाहेक अन्य ब्यक्ती वा संस्थाको नाममा उक्त सम्पत्तिको स्वामित्व तथा भोगाधिकार हस्तान्तरण गरिने छैन।

१६) सहकारी ऐन २०७४ को परिच्छेद १४ को दफा ७९ को उपदफा ६ अनुसार लिलाम बिक्रि गर्दा कसैले नसकारेमा वा कबोल गरेको रकम सहकारी संस्था लाई चित्तबुझ्दो नभएमा प्रचलित ऐन कानून तथा आफ्नो नियम अनुसार सहकारी संस्थाले उक्त सम्पत्ति सकार गरि स्वामित्व आफुमा लिन/अधिनमा राख्न सकिनेछ।

१७) बोलपत्रमा उल्लेखित सम्पत्ति बोलपत्र दाताले जाँची बुझी जिम्मा लिई सके पछि सो को सम्पूर्ण जवाफदेही स्वयंम खरिद कर्ताको हुनेछ। सहकारी संस्था संग पछि कुनै कैफियत देखाउन वा दावी गर्न पाईने छैन।

१८) स्वीकृत बोलपत्र अनुसार खरिदकर्ताले सवारी साधन/घर जग्गा आफ्नो नाममा नामसारी गर्दा नियम अनुसार लाग्ने नेपाल सरकारको दस्तुर, रजिष्ट्रेशन दस्तुर लगाएतका सम्पूर्ण दायित्व आदि खरिदकर्ताले नै ब्यहोर्नु पर्नेछ।

१९) ऋण लिँदा राखेको धितोमध्ये ऋणीले राखेको धितोले नपुगेमा ऋणीको नाममा रहेको अरु सम्पत्ति तथा धनजमानी दिने ब्यक्तिको नाममा रहेको अन्य सम्पत्ति बाट समेत ऋण असुलउपर गरिनेछ।

# जंगली बँदेलले गऱ्यो गहुँबाली नष्ट



**शिवजी मण्डेल/मध्यान्ह**
बझाङ, १५ पुस

बझाङको थलारा क्षेत्रका किसानहरू पछिल्लो समय जंगली जनावरको आतंकबाट आजित भएका छन् । विशेषगरी थलारा गाउँपालिका ७ अदुकालीमा जंगली बँदेलहरूले राति गहुँबालीमा पसेर खेती नष्ट गर्ने गरेको छ ।

किसानहरूका अनुसार विगत केही दिनदेखि लगातार खप्तड राष्ट्रिय निकुञ्जबाट रातिको समयमा आएको बँदेलको समूहले गहुँबाली खानुका साथै कुल्चिएर नष्ट गरेका छन् । यसले अदुकालीका ७० भन्दा बढी किसानका बालीमा क्षति पुगेको छ ।

थलारा गाउँपालिका ७ अदुकालीका किसान दिपकबहादुर चलाउनेले भने,' गहुँको बाली राम्रो फलेको थियो, तर जंगली बँदेलका कारण झन्डै आधा खेती नष्ट भइसकेको छ । यो समस्या समाधानका लागि ठोस कदम चाल्न सरकार र सम्बन्धित निकायले ध्यान दिनुपर्छ ।'

जंगली जनावरबाट हुने क्षति रोक्न स्थानीय तह र राष्ट्रिय निकुञ्जले जनावरलाई नियन्त्रण गर्न र किसानलाई मुआब्जा उपलब्ध गराउन योजना बनाउन आवश्यक रहेको चलाउनेले बताए ।

साथै, राष्ट्रिय निकुञ्जले वन्यजन्तुको संरक्षण र किसानहरूको सुरक्षाबीच सन्तुलन कायम गर्ने उपायहरु अपनाउनुपर्ने स्थानीयहरुको माग छ ।


**कामना सेवा विकास बैंक लि.**
**Kamana Sewa Bikas Bank Ltd.**

**केन्द्रीय कार्यालय:**
**ज्ञानेश्वर-३०, काठमाण्डौं**
**फोन नं.: ०१-५९७००३०**
**टोल फ्रि नं.:१६६००-११-३०००**
Email: customercare@kamanasewabank.com
www.kamanasewabank.com

## यस बैंकको विभिन्न शाखा कार्यालयमा धितो सुरक्षणमा रहेको चल/अचल सम्पत्ति (घर/जग्गा तथा सवारी साधन) लिलाम बिक्री सम्बन्धी १५ (पन्ध्र) दिने सूचना

**प्रकाशित मिति : २०८१/०९/१६**

यस विकास बैंकको विभिन्न शाखा कार्यालयबाट तपसिलमा उल्लिखित ऋणीहरुले विभिन्न कर्जा शीर्षकमा उपभोग गर्नुभएको ऋणकर्जा बैंकसँग भए गरेको सम्झौता बमोजिम नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरी बैंकसँग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएकोले बैंकले ऋणकर्जा चुक्ता भुक्तान गर्न आउनु भनी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणी/धितोजमानीकर्ता र व्यक्तिगत धनजमानीकर्ता समेतलाई सूचित गर्दा समेत उक्त ऋणकर्जाको साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बसेकोले उक्त ऋणकर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएकोतपसिलमा उल्लिखित सम्पतिहरु जे-जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा बैंकको नियम तथा प्रचलित ऐन, कानूनको अधीनमा रही गोप्य सिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुलउपर गर्ने उद्देश्यले १५ (पन्ध्र) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको उपरोक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ-संस्थाले यो सूचना प्रकाशित भएको **मितिले १५ (पन्ध्र) दिन भित्र** (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगत्तै कार्यालय खुलेको दिन) यस बैंकको कार्यालय समय भित्र यसै सूचना तथा बोलपत्र फारममा उल्लिखित शर्तहरुको अधीनमा रही रीतपूर्वक भरी यस बैंकको केन्द्रीय कार्यालय, ज्ञानेश्वर, काठमाडौंमा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र पेश गर्न आव्हान गरिन्छ । साथै प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति (घर/जग्गा तथा सवारी साधन) लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री भई बैंकले असुलउपर गर्नुपर्ने सम्पूर्ण लेना रकम उसुलउपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंकको कर्जा असुली नीति तथा अन्य प्रचलित ऐन, कानून बमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चल-अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा जानकारी गराउँदै ऋणी, धितो तथा व्यक्तिगत धनजमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गर्नको लागि सिफारिश गरि पठाइने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिल**

| ऋणीको विवरण | धितो/धनजमानीकर्ताको तथा धितोमा रहेको सम्पत्तिको विवरण | |
|---|---|---|
| १. **अर्याल पोल्ट्री फर्म एण्ड सप्लायर्स**<br>**दर्ता .नं. ५२६१/५०२/२०७१/२०७२**<br>ठेगाना : हेटौडा उ.म.न.पा. ११, मकवानपुर<br>दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय मकवानपुर, हेटौडा<br>स्थायी लेखा नं.: ६०१७८३००५<br>**प्रोप्राईटर/जमानतकर्ता: नारायण प्रसाद अर्याल**<br>**ना.प्र.नं. १५/११५४२**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, मकवानपुर<br>बुवा : हरि प्रसाद अर्जेल<br>बाजे : बुद्धिसागर<br>ठेगाना : हेटौडा-११, मकवानपुर ।<br>**शाखा : हेटौडा**<br>**कर्जा शीर्षक : सरल व्यापार कर्जा (अधिविकर्ष तथा आवधिक) फर्मको नाममा तथा प्रोप्राईटर नारायण प्रसाद अर्यालको नाममा प्रवाह भएको सजिलो लघु कर्जा र ओडी कार्ड कर्जा तथा धनजमानीकर्ता सावीत्री फुयालको नाममा ओडी कार्ड कर्जा** | **राम प्रसाद अर्याल**<br>**ना.प्र.नं. : २३२३७**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, मकवानपुर<br>बुबा : हरि प्रसाद अर्याल<br>बाजे : बुद्धिसागर<br>ठेगाना : हेटौडा-११, मकवानपुर ।<br>**सावीत्री फुयाल**<br>**ना.प्र.नं. : १०६९३**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, काठमाण्डौ<br>पति : नारायण प्रसाद अर्याल<br>ससुरा : हरी प्रसाद अर्याल<br>ठेगाना : गोलढुङ्गा–०८ काठमाण्डौ, हाल, हेटैडा-११, मकवानपुर । | १) नारायण प्रसाद अर्यालको नाममा मालपोत कार्यालय, मकवानपुरमा, दर्ता श्रेष्ता कायम रहेको निम्न अनुसारको सम्पत्ति (घर/जग्गा):<br>ठेगाना: हेटौडा-११, मकवानपुर; नक्सा सिट: ११; कित्ता नं. ९४१५, क्षेत्रफल (ब.मी) ०-५-१.५-० (१७१८.५५); कित्ता नं. १०२७२, क्षेत्रफल ०-०-३-० (५०.७९)<br>कित्ता नं ९४१५ मा बनेको घर लगायत सम्पूर्ण लिगलगापात समेत । |

| ठेगाना | नक्सा सिट | कित्ता नं. | क्षेत्रफल (ब.मी) |
|---|---|---|---|
| हेटौडा-११, मकवानपुर | ११ | ९४१५ | ०-५-१.५-० (१७१८.५५) |
| | | १०२७२ | ०-०-३-० (५०.७९) |

कित्ता नं ९४१५ मा बनेको घर लगायत सम्पूर्ण लिगलगापात समेत ।

---

२. **जय मां देवि हार्डवेयर**
**प्रा.फ.र.नं.: २७५/२६७/०७७/०७८ स्थानीय व्यापार**
ठेगाना : मनहरी गा.पा.वडा नं ०९, मकवानपुर ।
जारी गर्ने कार्यालयः : घरेलु तथा सना उद्योग कार्यालय, हेटौंडा, मकवानपुर
स्थायी लेखा नं. : ६१५१८४४५२
**प्रोप्राईटर/धनजमानीकर्ता: उत्सव उप्रेती**
**ना.प्र.नं. : ३११०२०/८५५६३**
जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, मकवानपुर
बाबु : उद्धव प्रसाद उप्रेती
बाजे : राम नाथ उप्रेती
ठेगाना : मकवानपुर जिल्ला हाँडिखोला गा.वि.स./उ.म.न.पा.वडा नं.०९ हाल मनहरी गा.पा/ न.पा.वडा नं.०५
**शाखा कार्यालय : हेटौडा**
**कर्जा शीर्षक : मध्यम व्यापार कर्जा अधिविकर्ष र सरल व्यापार कर्जा आवधिक**

**मयादेवी वर्तौला**
**ना.प्र.नं.: (इ.नं १) १३४९७**
जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, मकवानपुर
पति : उद्धव प्रसाद उप्रेती
ससुरा : राम नाथ उप्रेती
ठेगाना : मकवानपुर जिल्ला पदमपोखरी गाँउ पञ्चायत वडा नं.०९, हाल मनहरी गा.पा/ न.पा.वडा नं.०५

**उज्वल उप्रेती**
**ना.प्र.नं. : ३११०२०/७१९२५**
जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, मकवानपुर
बाबु : उद्धव प्रसाद उप्रेती
बाजे : राम नाथ उप्रेती
ठेगाना : मकवानपुर जिल्ला हाँडिखोला गा.वि.स./ उ.म.न.पा.वडा नं.०९ हाल मनहरी गा.पा/ न.पा.वडा नं.०५

**उपेन्द्र उप्रेती**
**ना.प्र.नं. : ३१-०१-७५-०११६७**
जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, मकवानपुर
बाबु : उद्धव प्रसाद उप्रेती
बाजे : राम नाथ उप्रेती
ठेगानाः मकवानपुर जिल्ला मनहरी गा.पा/न.पा. वडा नं.०५

१) मयादेवि वर्तौला तथा उज्वल उप्रेतीको संयुक्त नाममा मालपोत कार्यालय, मकवानपुरमा, दर्ता श्रेष्ता कायम रहेको निम्न अनुसारको सम्पत्ति (घर/जग्गा):

| ठेगाना | नक्सा सिट | कित्ता नं. | क्षेत्रफल (बि.रो/ब.मी) |
|---|---|---|---|
| हाडीखोला-०९, मकवानपुर | ०९ | ८६७ | ०-४-०-० (१३५४.५२) |
| | | १३०५ | ०-४-१५.२५-० (१६१२.७०) |
| | | १३०९ | ०-४-०-० (१३५४.५२) |

साथै, सम्पूर्ण लिगलगापात समेत ।

२) मयादेवी वर्तौला, उज्वल उप्रेती, उपेन्द्र उप्रेती तथा उत्सव उप्रेतीको संयुक्त नाममा मालपोत कार्यालय, मकवानपुरमा, दर्ता श्रेष्ता कायम रहेको निम्न अनुसारको सम्पत्ति (घर/जग्गा):

| ठेगाना | नक्सा सिट | कित्ता नं. | क्षेत्रफल (बि.रो/ब.मी) |
|---|---|---|---|
| हाडीखोला-०९, मकवानपुर | ०९ | ८८२ | ०-८-०-० (२७०९.०४) |

साथै, सम्पूर्ण लिगलगापात समेत ।

---

३. **हाई मार्ट**
**प्रा.फ.र.नं : २९२६/१६७३/०७८/०७९, स्थानीय व्यापार**
ठेगानाः मकवानपुर जिल्ला हेटौडा उ.म.न.पा वडा नं. ०५
दर्ता गर्ने कार्यालय :घरेलु तथा साना उद्योग कार्यालय, हेटौंडा, मकवानपुर
स्थायी लेखा नं.: ६१४३७७२६८
**प्रोप्राईटर/धनजमानीकर्ता : सुस्मीता बोहरा क्षेत्री**
**ना.प्र.नं.: ३१-०१-६९-०६७०३**
जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, मकवानपुर
पति : प्रकाश चन्द्र बराल
ससुरा : सिताराम बराल
ठेगानाः मकवानपुर जिल्ला हेटौंडा .न.पा वडा नं. ०५, हाल हेटौंडा उ.म.न.पा वडा नं. ०५
**शाखा कार्यालय : हेटौंडा**
**कर्जा शीर्षक : मध्यम ब्यापार कर्जा (आवधिक र अधिविकर्ष) तथा धनजमानीकर्ता प्रदिप बरालको नाममा प्रवाह भएको प्रोफेसनल आवधिक कर्जा**

**धनजमानीकर्ताको विवरण :**
**निमिसा कार्की**
**ना.प्र.नं.: १९२०९६/४२**
जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, सर्लाही
बाबु : कृष्ण बहादुर कार्की
पति : प्रदिप बराल
ससुरा : सिताराम बराल
ठेगाना : सर्लाही जिल्ला, ईश्वरपुर गा.वि.स./ उ.म.न.पा. वडा नं.०९, हाल मकवानपुर जिल्ला हेटौडा उ.म.न.पा. वडा नं. ०५

**प्रकाश चन्द्र बराल**
**ना.प्र.नं. : ३३/२३२०९**
जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, मकवानपुर
बाबु : सिताराम बराल
बाजे : नर बहादुर बराल
ठेगाना : मकवानपुर जिल्ला, हर्नामाडि गा.वि.स. वडा नं.०६, हाल हेटौडा उ.म.न.पा. वडा नं. ०५

**सिताराम बराल**
**ना.प्र.नं.: ४८६०**
जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, मकवानपुर
बाबु : नर बहादुर बराल
बाजे : अभिमान सिं बराल
ठेगाना : मकवानपुर जिल्ला, हटिया गा.वि.स. वडा नं.०७, हाल हेटौडा उ.म.न.पा. वडा नं. ०५

**जानुकी बराल**
**ना.प्र.नं.: हर्ना ७७**
जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, मकवानपुर
पति : सिताराम बराल
ससुरा : नर बहादुर बराल
ठेगाना : मकवानपुर जिल्ला हेटौडा उ.म.न.पा.वडा नं.१८, हाल हेटौंडा उ.म.न.पा. वडा नं. ०५

**प्रदिप बराल**
**ना.प्र.नं.: १५/१११८४**
जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, मकवानपुर
बाबु : सिताराम बराल
बाजे : नर बहादुर बराल
ठेगाना : मकवानपुर जिल्ला, हर्नामाडी गा.वि.स. वडा नं.०६, हाल हेटौडा उ.म.न.पा. वडा नं. ०५

१) सिताराम बरालको नाममा मालपोत कार्यालय, मकवानपुरमा दर्ता श्रेष्ता कायम रहेको निम्न अनुसारको सम्पत्ति (घर/जग्गा):

| ठेगाना | नक्सा सिट | कित्ता नं. | क्षेत्रफल (बि.रो/ब.मी) |
|---|---|---|---|
| हटीया -०७, मकवानपुर | ७ | ३५२९ | ०-२-१८.५-० (९९०.४७) |

साथै, सम्पूर्ण लिगलगापात समेत ।

२) सुस्मीता बोहरा क्षेत्रीको नाममा मालपोत कार्यालय, मकवानपुरमा दर्ता श्रेष्ता कायम रहेको निम्न अनुसारको सम्पत्ति (घर/जग्गा):

| ठेगाना | नक्सा सिट | कित्ता नं. | क्षेत्रफल (बि.रो/ब.मी) |
|---|---|---|---|
| हेटौडा-६, मकवानपुर | ६ | ७८६६ | ०-०-७.५-० (१२६.९८) |
| हेटौडा-७, मकवानपुर | १०८०५६५1 | ९८२६ | ०-०-१०-० (१६९.३०) |

साथै, सम्पूर्ण लिगलगापात समेत ।

---

४. **आर.एस. इन्टरप्राइजेज**
**प्रा.फ.र.नं. : २३७७/४७८/२०६६/०६७**
ठेगाना : बसामाडी-०१, मकवानपुर
दर्ता गर्ने कार्यालयः : घरेलु तथा साना उद्योग कार्यालय, मकवानपुर ।
स्थायी लेखा नं. : ३०३९०७९३२
**प्रोप्राइटर/धनजमानीकर्ता : राम कुमार थापा**
**ना.प्र.नं. : २७/११७७**
जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, मकवानपुर
बाबु : शरण बहादुर थापा
बाजे : कृष्ण बहादुर थापा
ठेगाना : बसामाडी-०१ हाल हेटौडा-१९, मकवानपुर ।
**शाखा कार्यालय : हेटौडा**
**कर्जा शीर्षक : साना व्यापार अधिविकर्ष कर्जा फर्मको तथा प्रोप्राइटर राम कुमार थापाको नाममा प्रवाह भएको सवारी साधन कर्जा**

**धनजमानीकर्ताको विवरण :**
**लक्ष्मी थापा**
**ना.प्र.नं. : ३११०२२/८८०५६**
जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, मकवानपुर
पति : शरण बहादुर थापा
ससुरा : कृष्ण बहादुर थापा
ठेगाना : बसामाडी-०१ हाल हेटौडा-१९, मकवानपुर

**संगिता विष्ट**
**ना.प्र.नं. : ३१३०३७/२३३**
जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, मकवानपुर
पति : राम कुमार थापा
ससुरा : शरण बहादुर थापा
ठेगाना : दामन-०१ हाल हेटौडा-१९, मकवानपुर ।

**शरण वहादुर थापा**
**ना.प्र.नं. : ८**
जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, मकवानपुर
बाबु : कृष्ण बहादुर थापा
बाजे : भैर बहादुर थापा
ठेगाना : बसामाडी-०१ हाल हेटौडा-१९, मकवानपुर

**धितोमा रहेको सम्पत्तिको विवरण**
१) शरण वहादुर थापाको नाममा मालपोत कार्यालय, मकवानपुरमा दर्ता श्रेष्ता कायम रहेको निम्न अनुसार को सम्पत्ति (घर/जग्गा):

| NCB/Bahradashi/ Krishi/2/2081-82 | Krishi Yantrikaran Parwadhan Karyakaram | N/A | 98,000/- & 120 days from deadline | 3000/- | 31st Jan., 2025 (12:00 hrs/ 13:00hrs) |

Eligible Bidders may obtain further information from the office of Bahradashi Rural Municipality, Chakchaki, Jhapa or may visit e-GP system: www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

# राष्ट्रिय क्रिकेट खेलाडी जन्माउन लागिपरेको कीर्तिपुर एकेडमी



**अर्जुन काफ्ले/मध्यान्ह**
पथरी, १५ पुस

मोरङको पथरी शनिश्चरेको कीर्तिपुरमा एकाबिहानै पुग्ने हो भने एक हुल विधार्थी जनकल्याण माध्यमिक विद्यालयको मैदानमा भेला भएको देखिन्छ। भेला भएकाहरूमध्ये कोही शारीरिक अभ्यासमा व्यस्त हुन्छन् भने कोही बलिङ, ब्याटिङ र फिल्डिङको अभ्यास गरिरहेका हुन्छन्। जसको कमाण्ड सम्हालेका छन्, राकेश राईले।

कीर्तिपुर एकेडमीले सुरु गरेको क्रिकेट प्रशिक्षणमा ४० भन्दा बढी बालबालिकाले नियमित सहभागिता जनाउँछन्। १० वर्षदेखि १६ वर्षसम्मका बालबालिका नियमित प्रशिक्षणमा सहभागी हुने गरेको एकेडमीका निर्देशक पुकार राई बताउँछन्।

१८ जना बालिका र २२ बालकलाई नियमित प्रशिक्षण गराइरहेको एकेडमीले राष्ट्रिय स्तरमा क्रिकेट खेलाडी उत्पादन गर्ने लक्ष्य राखेको छ। पछिल्लो पटक प्रधानमन्त्री कप महिला क्रिकेटका लागि यसै एकेडमीका २ जना खेलाडीलाई मोरङ जिल्लाको बन्द प्रशिक्षणमा राखिएको छ। कीर्तिपुरकै सरु सुब्बा अहिले अन्तर्राष्ट्रिय स्तरमा खातिप्राप्त फुटबल खेलाडी हुन्। महिला फुटबल टिमको नियमित सदस्य उनी सशस्त्र प्रहरी क्लबमा आबद्ध भएकी छन्।

सरु जस्तै खेलाडीको उद्गमस्थल हो कीर्तिपुर। फुटबलमा मात्र खेलाडी उत्पादन गरिराखेको कीर्तिपुरले अब अन्तर्राष्ट्रिय क्रिकेट खेलाडी उत्पादन गर्न महिला क्रिकेट प्रशिक्षण सुरु गरेको छ। 'मोरङ जिल्लाले प्रधानमन्त्री कप महिला लिगका लागि बन्द प्रशिक्षणमा एकेडमीका स्मारिका गौतम र सुभेक्षा लिम्बूलाई बन्द प्रशिक्षणमा राख्नु हाम्रो सफलता हो,' प्रशिक्षक राईले भने।

नियमित क्रिकेट अभ्यास गराइरहेको कीर्तिपुरको अभ्यासस्थलमा सहभागी हुन पुगेका बालबालिका निक्कै फुर्तीका साथ खेल मैदानमा उत्रिन्छन्। प्रशिक्षक राईले टिम बनाइदिन्छन् र सोहीअनुसार आ-आफ्नो टिममा सहभागी भएर खेल मैदानमा उत्रिन्छन् उनीहरू।

एकेडमीमा खेलसँगै अनुशासन र जिम्मेवारी पनि सिकाइने प्रशिक्षक राई बताउँछन्। घरमा के काम गर्ने ?, विद्यालयमा, साथीभाइसँग कस्तो व्यवहार गर्ने ? लगायत विषय पनि अनौपचारिकरूपमा सिकाउने गरिएको उनले बताए। प्रशिक्षकलाई गुरु मान्ने गरेका बालबालिका पनि गुरुले भनेको पालना गर्नुपर्ने मनसायमा देखिन्छन्। पछिल्लो समय स्थानीय तहमा वडादेखि नगरस्तरीय प्रतियोगिता हुने गरेको र राष्ट्रिय खेलाडीसम्म पुग्ने माध्यमको रूपमा यस्ता प्रशिक्षण फलदायी हुने प्रशिक्षक राईको बुझाइ छ। क्रिकेट क्षेत्रमा लामो समय व्यतित गरेका राई हालै बेसिक लेभल प्रशिक्षक बनेका छन्। राईले सिकेको सीप तथा कला आफ्नै गाउँका बालबालिकालाई प्रदान गरिरहेका छन्।

एकेडमीकै अग्रसरतामा क्रिकेट खेलाडीका लागि नेट प्रशिक्षण गर्न नेटसमेत बनाउन थालिएको छ। ७ नम्बर वडा कार्यालय र ८ नम्बर वडा कार्यालयले आर्थिक सहयोग गरेपछि पक्की क्रिजसहितको 'नेट प्राक्टिस' सम्भव भएको हो।

एकेडमीले गरिरहेको यो कार्यलाई नेपाल क्रिकेट फाउन्डेशनले समेत सहयोग गरिरहेको छ। फाउन्डेशनले प्रशिक्षण गरिरहेका खेलाडीलाई खेल सामग्री सहयोग गरिरहेको छ। यसले समेत एकेडमी संचालन गर्न सहज भएको छ।

क्रिकेटप्रतिको 'क्रेज' बढ्दै जाँदा अभिभावकसमेत सकारात्मक बनेका छन्। क्रिकेट खेलेर छोरीले राष्ट्रको नाम राख्नेमा विश्वास्त छन् अभिभावक इन्द्र गौतम। यही एकेडमीमा प्रशिक्षण गरेका खेलाडीले हालै इक्वालिटी कपमा सहभागी भएर उत्कृष्ट प्रर्दशन गरेपछि एकेडमीको प्रभावसमेत देखिन थालेको छ।

क्रिकेट विकासका लागि 'ग्रासरुट'बाट स्वस्फूर्त रूपमा सुरु भएको यस्ता एकेडमी भने राज्यका खेलकुद संघ संस्थाको नजरबाट टाढा रहेको खेलप्रेमीहरू बताउँछन्।

# क्रिकेट खेल मैदानका लागि पूर्व वरिष्ठ खेलाडीहरूको चासो

**नेपालगन्ज/मस–** खेलकुदको क्षेत्रमा नेपाल अधिराज्यभर अलग्गै पहिचान बनाउन सफल पश्चिम नेपालकै केन्द्रबिन्दु नेपालगन्जमा खेलकुदका बारेमा चासो र चर्चा हुने गरेको छ। यसै क्रममा सोमबार नेपालगन्जका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेल क्षेत्रमा स्थापित भइसकेका पूर्वखेलाडीहरुको एक भेलामा नेपालगन्जमा क्रिकेट खेलका लागि अहिलेसम्म खेल मैदान बन्न नसकेकोमा चिन्ता व्यक्त गरेका छन्।

पूर्व खेलाडी समाज, बाँकेको संयोजक, टेबलटेनिसका राष्ट्रिय खेलाडी तथा २०२८ देखि २०३२ सम्म स्थानीय क्रिकेट खेलका प्रथम क्याप्टेन प्रकाश बहादुर श्रेष्ठको पहलमा जमघट भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुदको क्षेत्रमै पहिचान बनाएका पूर्व अग्रज खेलाडीहरुले राज्यको अरबौं लगानी गरेर निर्माण गरिएको नेपालगन्ज रंगशालामा क्रिकेट खेलको कुनै पूर्वाधारसम्म नबनाएको प्रति असन्तुष्टि व्यक्त गरेका छन्। अग्रज खेलाडीहरुले उक्त आधुनिक रंगशालामा स्थानीय खेलाडीहरुले सहजै खेल्न पाउने सुविधा पनि हुन नसकेको गुनासो पोखे।



भलिबल खेलका पूर्वराष्ट्रिय खेलाडी तथा ब्याडमिन्टनका अन्तर्राष्ट्रिय रेफ्री अजीतकुमार शर्माले सीमित साधन स्रोत र आवश्यक उपयुक्त पूर्वाधारको अभावमा पनि नेपालगन्जले खेलकुदका विभिन्न विधामा अन्तर्राष्ट्रिय स्तरका खेलाडीहरु उत्पादन गर्न सफल भएको बताए। यो सबै स्थानीय खेलाडीहरुकै मिहिनेत र लगनशीलताको उपलब्धि भएको बताउँदै उनले नेपालगन्ज उपमहानगरपालिका क्षेत्रमा थुप्रै सरकारी जग्गा रहेको र त्यसको खोजबिन गरेर क्रिकेट मैदानका लागि छनोट गरेर निरन्तर पहल गर्न सके खेल मैदान बनाउने सोचले सफलता पाउने बताए।

भेलामा नेपालगन्ज उपमहानगरपालिकाका पूर्व प्रमुख तथा वरिष्ठ अधिवक्ता विजय कुमार गुप्ताले नेपालगन्जलाई महानगर बनाउने सपना साकार बनाउन हरेक वडामा स-साना खेल मैदान, पार्क जस्ता खुला ठाउँ छोड्नु पर्ने धारणा राखे।

## रिद्धि सिद्धि सिमेन्ट लिमिटेडको
## तेस्रो वार्षिक साधारण सभा बस्ने सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८१/०९/१६ गते**

यस रिद्धि सिद्धि सिमेन्ट लिमिटेडको मिति २०८१/०८/२८ मा बसेको सञ्चालक समितिको निर्णय अनुसार यस कम्पनीको तेस्रो वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषयहरू उपर छलफल गरी निर्णय गर्न बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरूको उपस्थितीका लागि हार्दिक अनुरोध गर्दछौ।

**साधारण सभा हुने मिति, समय र स्थान :**
मिति : २०८१/०९/२३ गते, मंगलबार (तदनुसार ७ जनवरी, २०२५)
समय : दिनको ०२:०० बजे।
स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, थापाथली, काठमाण्डौं।

**छलफलका विषयहरू :**

**क. सामान्य प्रस्तावहरू :**
१. सञ्चालक समितिको आ.व. ०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।
२. आ.व. ०८०/०८१ को लेखापरिक्षकको प्रतिवेदन, वासलात तथा नाफा/नोक्सान हिसाब एवं नगद प्रवाह विवरण उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।
३. कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व. ०८१/०८२ को लेखापरिक्षण गर्नको लागि लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा।

**ख. विशेष प्रस्तावहरू :**
१. कम्पनी ऐन, २०६३ को दफा १०५ (ख) र (ग) बमोजिम बैंक ऋण र चन्दा उपहार अनुमोदन तथा स्वीकृत गर्ने सम्बन्धमा।
२. सञ्चालक समितिका निर्णयहरू अनुमोदन गर्ने सम्बन्धमा।

**ग. विविध।**

**अध्यक्षज्यूको आज्ञाले**
**कम्पनी सचिव**

## कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको सानिमा बैंक लिमिटेड, महेन्द्रनगर शाखाको ३५ दिने सार्वजनिक सूचना ।।

**(प्रकाशित मिति : २०८१/०९/१६ गते)**

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लेखीत ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएको हुनाले सम्पूर्ण बक्यौता कर्जा सुविधा फिर्ता गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फर्छ्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र वक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा धितो सुरक्षण लिलाम बिक्रि गर्ने र सो धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी वक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौं।

साथै, उल्लेखित ऋणीहरूले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण वापत व्यक्तिगत/संस्थागत जमानत दिनुहुने पक्षहरूलाई समेत उपरोक्त ब्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र बैंकको कर्जा भुक्तानी गर्नु गराउनुहुन सुचित गरीन्छ।

**तपसिलः**

| क्र.सं. | ऋणीहरूको नाम, थर र ठेगाना : |
|---|---|
| १ | **ऋणी** हर्के सुनारको नाती, नारायण सिंह सुनारको छोरा, कञ्चनपुर जिल्ला, महाकाली न.पा. वडा नं. ०६ बस्ने **बिर सिंह सुनार....१** तथा हर्के सुनारको नाती, नारायण सिंह सुनारको छोरा, कञ्चनपुर जिल्ला, दोधारा गा.वि.स. वडा नं. ०३ बस्ने **दुर्ग बहादुर सुनार...१** तथा जयराम सुनारकी छोरी, नारायण सिंह सुनारकी श्रीमती, कञ्चनपुर जिल्ला, दोधारा गा.वि.स. वडा नं. ०३ बस्ने **चन्द्रकली सुनार...१ समेत जना ३** |
| २ | प्रदेश सरकार, सुदूरपश्चिम प्रदेश, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, महेन्द्रनगर, कञ्चनपुरमा प्रा.फ.नं. ३८/१४५८/०६६/६७ कायम भई मिति २०६६/०५/१९ मा दर्ता भएको कञ्चनपुर जिल्ला, भीमदत्त न.पा. वडा नं. १५ स्थित **महाकाली कन्सट्रक्सन।** |
| ३ | नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, भीमदत्तनगर, कञ्चनपुरमा प्रा.फ.र.नं. २३३/०७६/७७,स्थानीय व्यापार कायम भई मिति २०७६/०६/०७ मा दर्ता भएको कञ्चनपुर जिल्ला, महाकाली न.पा. वडा नं. ०६ स्थित **सुजल हार्डवयर एण्ड सप्लायर्स।** |
| ४ | प्रदेश सरकार, सुदूरपश्चिम प्रदेश, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, महेन्द्रनगर, कञ्चनपुरमा प्रा.फ.नं. १९७/१७२६/०६८/०६९ कायम भई मिति २०६८/१२/०५ मा दर्ता भएको कञ्चनपुर जिल्ला, महाकाली न.पा. वडा नं. ०९ स्थित **सुजल सुन चाँदी पसल।** |
| **ऋणी १, २, ३, र ४ को व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :** | |
| १ | कले बहादुर वि.क.को छोरी, बिर बहादुर सुनारको श्रीमती, बाँके जिल्ला, वनकटवा गा.वि.स. वडा नं. ०९ बस्ने **तिला कुमारी वि.क.।** |
| २ | राजु कसेराको छोरी, दुर्ग बहादुर सुनारको श्रीमती, कञ्चनपुर जिल्ला, दोधारा गा.वि.स. वडा नं. ०३ बस्ने **सोनी सुनार।** |
| **ऋणी २, ३, र ४ को व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :** | |
| १ | हर्के सुनारको नाती, नारायण सिंह सुनारको छोरा, कञ्चनपुर जिल्ला, महाकाली न.पा. वडा नं. ०६ बस्ने **बिर सिंह सुनार।** |
| २ | हर्के सुनारको नाती, नारायण सिंह सुनारको छोरा, कञ्चनपुर जिल्ला, दोधारा गा.वि.स. वडा नं. ०३ बस्ने **दुर्ग बहादुर सुनार।** |
| ३ | जयराम सुनारकी छोरी, नारायण सिंह सुनारकी श्रीमती, कञ्चनपुर जिल्ला, दोधारा गा.वि.स. वडा नं. ०३ बस्ने **चन्द्रकली सुनार।** |
| **ऋणी १, २, ३, र ४ को धितो सुरक्षणको विवरण :** | |
| १ | **बिर सिंह सुनारको** नाममा मालपोत कार्यालय महेन्द्रनगर, कञ्चनपुरमा दर्ता श्रेस्ता कायम रहेको कञ्चनपुर जिल्ला, दोधारा गा.वि.स/न.पा. वडा नं. ३ (नक्सा सिट नं. ०२६००९०) को क्रमशः कित्ता नं. १२०१, १२०३, ११९९ को क्रमशः १७१८.२५, ३९३१.९५, १५८४ वर्ग मि. र वडा नं. ३ (नक्सा सिट नं. ०२६०१२९) को कित्ता नं. ३२६ को १७४५ वर्ग मि. क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत। |
| २ | **चन्द्रकली सुनारको** नाममा मालपोत कार्यालय महेन्द्रनगर, कञ्चनपुरमा दर्ता श्रेस्ता कायम रहेको कञ्चनपुर जिल्ला, दोधारा गा.वि.स/न.पा. वडा नं. ३ (नक्सा सिट नं. ०२६/०१३०) को कित्ता नं. १०३ को ४५४५ वर्ग मि. क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत। |

**सानिमा बैंक** www.sanimabank.com
'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com

## सुर्मा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**दौलिचौर, बझाङ्ग**
**सुदुरपश्चिम प्रदेश, नेपाल**

### बोलपत्र आव्हवानको सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०८१/०९/१६)**

यस कार्यालयको आ.व. २०८१/०८२ को स्वीकृत कार्यक्रम अनुसार तपशिल बमोजिमको खरिद कार्यका लागि बोलपत्र आव्ह्वान गरिएकोले ईच्छुक बोलपत्रदाताहरुले यो सूचना प्रकाशित भएको मितिले ३१ (एकतीस) दिनभित्र सार्वजनिक खरिद अनुगमनको कार्यालयको विद्युतीय प्रणाली (http://www.bolpatra.gov.np/egp) मार्फत बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिलः**

| सि.न. | ठेक्का विवरण | अनुमानित लागत रकम (मू.अ. कर समेत) | बोलपत्र जमानत | बोलपत्र दस्तुर (फिर्ता नहुने गरी) |
|---|---|---|---|---|
| १. | SRM/BLB/Works/01/2081/2082 Procurement of Works to the office of Surma Rural Municipality Bajhang | रु. ७७९८०९७६२ | रु. २०००००। | रु. ३०००। |
| २. | SRM/CTPDWSS/Works/02/2081/2082 Procurement of Works to the office of Surma Rural Municipality Bajhang | रु. ५०१९५४५।०५ | रु. १३००००। | रु. ३०००। |
| ३. | SRM/PMN/Works/03/2081/2082 Procurement of Works to the office of Surma Rural Municipality Bajhang | रु. ८७५५३३३।४९ | रु. २१६०००। | रु. ३०००। |

थप जानकारीको लागि यस कार्यालय एवम् सार्वजनिक खरिद अनुगमनको कार्यालय (http://www.bolpatra.gov.np/egp) मा सम्पर्क राख्न सकिने छ।

**Government of Nepal**
**Ministry of Urban Development**
**Department of Local Infrastructure Development**
## Local Infrastructure Development Project Office
**Karnali Province, Birendranagar, Surkhet**

### Invitation for Bids

**Date of First Publication: (2024/12/31 Tuesday)**

Local Infrastructure Development Project Office (LIDPO), Surkhet invites electronic bids for the Various Road works as follows Contract Identifications under NCB procedures. Eligible Bidders may download the bidding documents for e-submission from PPMO's Website http://www.bolpatra.gov.np/egp. Pre-bid meeting shall be held at LIDPO, Surkhet on 2025/01/21 at 13:00 Hrs. Electronic bids must be submitted through PPMO website on or before 12:00 Hrs on 2025/01/30. The bids will be opened on same day at 13:00 Hrs. at LIDPO, Surkhet.

**IFB Identification**

1) LIDPO/SKT/IFB/WORKS/NCB/14/2081/82
2) LIDPO/SKT/IFB/WORKS/NCB/15/2081/82
3) LIDPO/SKT/IFB/WORKS/NCB/16/2081/82
4) LIDPO/SKT/IFB/WORKS/NCB/17/2081/82
5) LIDPO/SKT/IFB/WORKS/NCB/18/2081/82
6) LIDPO/SKT/IFB/WORKS/NCB/19/2081/82
7) LIDPO/SKT/IFB/WORKS/NCB/20/2081/82
8) LIDPO/SKT/IFB/WORKS/NCB/21/2081/82
9) LIDPO/SKT/IFB/WORKS/NCB/22/2081/82
10) LIDPO/SKT/IFB/WORKS/NCB/23/2081/82
11) LIDPO/SKT/IFB/WORKS/NCB/24/2081/82
12) LIDPO/SKT/IFB/WORKS/NCB/25/2081/82
13) LIDPO/SKT/IFB/WORKS/NCB/26/2081/82
14) LIDPO/SKT/IFB/WORKS/NCB/27/2081/82
15) LIDPO/SKT/IFB/WORKS/NCB/28/2081/82
16) LIDPO/SKT/IFB/WORKS/NCB/29/2081/82
17) LIDPO/SKT/IFB/WORKS/NCB/30/2081/82
18) LIDPO/SKT/IFB/WORKS/NCB/31/2081/82
19) LIDPO/SKT/IFB/WORKS/NCB/32/2081/82
20) LIDPO/SKT/IFB/WORKS/NCB/33/2081/82
21) LIDPO/SKT/IFB/WORKS/NCB/34/2081/82
22) LIDPO/SKT/IFB/WORKS/NCB/35/2081/82
23) LIDPO/SKT/IFB/WORKS/NCB/36/2081/82
24) LIDPO/SKT/IFB/WORKS/NCB/37/2081/82
25) LIDPO/SKT/IFB/WORKS/NCB/38/2081/82
26) LIDPO/SKT/IFB/WORKS/NCB/39/2081/82
27) LIDPO/SKT/IFB/WORKS/NCB/40/2081/82
28) LIDPO/SKT/IFB/WORKS/NCB/41/2081/82
29) LIDPO/SKT/IFB/WORKS/NCB/42/2081/82
30) LIDPO/SKT/IFB/WORKS/NCB/43/2081/82
31) LIDPO/SKT/IFB/WORKS/NCB/44/2081/82

**Office Chief**

## भूल सुधार

मिति २०८१/०९/१५ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित साउदीमा रोजगार शिर्षक, कम्पनी नाम: **NEBRAS AL-MASHAREQ MAINTENANCE AND CLEANING EST.,** L.T. No.: 316308, **चलानी नं.:** ६०२३०५४९, र **पूर्व स्वीकृत मितिः २०८१/०९/१४** को विज्ञापनमा अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ पुष २३ (7 January 2024) हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ।

**Hamdan Employment Service Pvt . Ltd.**
Gov. Lic. No. 761/064/065
Tilganga-9, Manpower Bazar, Airport, Kathmandu, Tel: 4474505, 4474506, Email: hamdan773@gmail.com, Website: : www.hamdanemployment.com.np

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८१/०९/१६**

Golden Bricks and Construction Meterials Pvt. Ltd. को २०७९/१०/२३ गते सम्पन्न वार्षिक/ विशेष/ साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी Golden Bricks and Construction Materials Pvt. Ltd. **(प्रा.लि. नं.: २३२८३६)** कायम गर्ने गरी मिति २०८१/०९/१४ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१/०९/१६**

**एक्सिस इन्टरनेशनल स्कुल काठमाडौं** को मिति २०८१/०८/१६ गते सम्पन्न वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **आभा शिक्षा सदन काठमाण्डौं (प्रा.लि. नं.: २०२०८)** कायम गर्ने गरी मिति २०८१/०९/११ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## साउदीमा रोजगार

कम्पनीः **ASHAB BISAN COMMERCIAL SERVICE COMPANY** शहरः **DAMMAM**
पुर्व स्वीकृत मितिः २०८१/०९/१२ चलानी नं.: ६०२३०३९२ **LT. No.316149**

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker/ Helper | 15 | 0 | स. काममा दक्ष | 1000 | ३६,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ पुस २३ गते (7 January 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**DEEP JYOTI MANPOWER SERVICE PVT. LTD** श्रम इजाजत नं. ११३६/०७३/०७४
Bhatkeko pool, Sinamangal,kathmandu, Tel: 014590678, 014592910, 9823413339, 9808248185. Fax: 4490678
Email: deepjyotimanpowerservice@gmail.com, Web.: www.deepjyotimanpower.com.np

## साउदीमा रोजगार

कम्पनी : **YUSR LAND TRANSPORTATION COMPANY** शहर : **RIYADH**
पूर्व स्वीकृत मितिः २०८१/०९/१४ चलानी नं.: ६०२३०५६२ **LT. No.: 316266**

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 3 | 0 | स. काममा दक्ष | 1800 | ६५,४६६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी : **MOBARAK M. AL SALOMI & PARTNERS FOR CONTRACTING CO. LTD** शहर : **RIYADH**
पूर्व स्वीकृत मितिः २०८०/०६/१७ चलानी नं.: ६०२०८६९६ **LT. No.: 293520** पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Road Maintenance Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३६,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुष २३ गते (7 January 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**अन्नपूर्ण इन्टरनेशनल सर्भिसेज प्रा. लि.** श्रम इजाजत पत्र नं. ०९९/०५३/००५४
पि.ओ.बक्सः ११११, सिनामंगल-९, काठमाडौं, नेपाल, (एयरपोर्ट नजिक), फोनः ०१-४५६६७३३, ०१-४५८५७३०
Fax No: 01-4566955, Email: cv.annapurna@gmail.com, Url: www.aisp.com.np, Mobile: 9801314441 | 9801314442 | 9801314443 | 9801314445.

## UAE मा रोजगार

कम्पनी : **FALCON PACK INDUSTRY LLC** शहर : **DUBAI**
पूर्व स्वीकृत मितिः २०८०/०८/०७ चलानी नं: ६०२१०४२१ **L.T. No.: 295456** पुन:विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 8 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २९,७४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | Machine Operator | 3 | 0 | | 1500 | ५५,७७० | | | | | | |
| 3. | Office Cleaner | 12 | 0 | | 800 | २९,७४४ | | | | | | |
| 4. | Packer | 10 | 0 | | 800 | २९,७४४ | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुष २३ गते (7 January 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**Hope International (P) Ltd.**
License No: 857/066/67
Chakrapath, Maharajgunj, Kathmandu (Opposite Bhatbhatini Super Market)
Tel: (Hotline): 01-4002151, 01-4002139, 9818943149
Email: info@hopeintlnepal.com, Website: www.hopeinternational.com.np
For Location

# सहकारीको समस्या एकातिर अध्यादेश अर्कातिर

**नारायण अर्याल/मध्यान्ह**
काठमाडौं, १५ पुस ।




आइतबार राष्ट्रपति रामचन्द्र पौडेलले 'सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश' प्रमाणीकरण गरेका थिए । सहकारी क्षेत्रमा देखिएको समस्या समाधानको लागि भनेर अगाडि सारिएको सो अध्यादेश अघिल्लो मंगलबार मन्त्रिपरिषद्को बैठकले सिफारिस गरेको थियो । तर, अध्यादेश भने सहकारीको समस्यालाई सम्बोधन गर्ने दिशातर्फ उन्मुख नभएको जस्तो देखिएको छ ।

अध्यादेशमार्फत् सहकारी ऐन २०७४, नेपाल राष्ट्र बैंक ऐन २०५८ र निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन २०७३ संशोधन गरिएको छ भने राष्ट्रिय सहकारी विकास बोर्ड ऐन, २०४९ खारेज गरिएको छ । अध्यादेशले बचत तथा ऋण सहकारी संस्थाको नियमनका लागि 'राष्ट्रिय सहकारी नियमन प्राधिकरण' गठन गर्ने व्यवस्था ल्याएको छ । अब बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाको दर्ता प्राधिकरणले निर्धारण गरेको मापदण्डअनुसार स्थानीय तहमा मात्र हुनेछ । यस्ता सहकारी संस्थालाई तोकिएको आधारमा संघ, प्रदेश र स्थानीय गरी तीन तहमा वर्गीकरण गरिएको छ भने एक वर्षभित्र प्राधिकरणमा दर्ता भइसक्नुपर्ने व्यवस्था समेत अध्यादेशमा छ ।

त्यस्तै, अध्यादेशअनुसार एक व्यक्ति एकै प्रकृतिका एकभन्दा बढी सहकारी संस्थामा र कुनै व्यक्ति बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको सञ्चालक पदमा दुई कार्यकालभन्दा बढी अवधिका लागि निर्वाचित हुन र बहाल रहन सक्दैनन् । साथै, अध्यादेशले सहकारी संस्थाहरुमा व्यक्तिगत बचत तथा ऋणको सीमासमेत तोकेको छ ।

बचत तथा ऋण सहकारी संस्थाको प्राथमिक पूँजी कोषको १५ प्रतिशतभन्दा बढी रकम ऋण प्रवाह गर्न नपाइने र १० लाखभन्दा बढी बचत रकम जम्मा गर्दा अनिवार्य रूपमा त्यस्तो रकमको स्रोत खुलाउनुपर्ने व्यवस्था अध्यादेशमा छ । बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाले प्रचलित कानून बमोजिम स्थापना भएको कर्जा सूचना केन्द्रको सदस्यता प्राप्त गरी बचत तथा ऋण कारोबारको सूचना आदानप्रदान गर्नुपर्नेछ ।

सहकारी क्षेत्रमा अहिले देखिएको समस्या समाधान गर्न तथा नियमन र अनुगमनका लागि अध्यादेशमार्फत् राष्ट्रिय सहकारी नियमन प्राधिकरण गठन गरिने छ । नियामक निकायको रूपमा गठन गरिने प्राधिकरणले सहकारी संस्थाको दर्ता, नियमन, सुपरीवेक्षण, अनुगमन तथा प्रतिवेदन प्रणाली लगायतका विषयमा राष्ट्रिय मापदण्ड बनाइ कार्यान्वयन गर्ने गराउने, संस्थाको नियमित रूपमा निरीक्षण गर्ने, उजुरी लिने, प्राप्त उजुरी उपर जाँचबुझ गर्ने र सम्बन्धित संस्थालाई निर्देशन दिनेलगायतका काम प्राधिकरणले गर्ने अध्यादेशमा उल्लेख छ । साथै, सो प्राधिकरणलाई जिल्ला अदालतलाई भए सरहको अधिकारको रूपमा जरिबाना र संस्थाको दर्ता खारेज गर्न सम्बन्धित निकायमा लेखी पठाउन सक्ने व्यवस्था छ ।


पुनर्निर्माण प्राधिकरणले तोकिएको समयमा नै केही सकारात्मक नतिजा दिएको भएपनि सरकारले निर्माण गरेका अन्य प्राधिकरणहरूले भने अपेक्षित नतिजा दिन सकेका छैनन् । सरकारले सहकारी क्षेत्रको समस्या समाधान गर्नको लागि निर्माण गरेको समस्याग्रस्त सहकारी व्यवस्थापन कार्यालय पनि संघीय स्तर र कतिपय प्रदेशमा सञ्चालनमा रहेको अवस्था छ । स्थापना भएको लामो समदेखि पनि सो कार्यालयले समस्यालाई देखिनेगरी न्यूनिकरण गर्न भने सकेको छैन ।

अध्यादेशले 'राष्ट्रिय सहकारी नियमन प्राधिकरण'लाई मन्त्रालयको मातहतमा राख्ने, सरकारले नै अधिकांश पदाधिकारी नियुक्ति गर्ने र राष्ट्रिय सहकारी बोर्डका कर्मचारीलाई सो प्राधिकरणमा व्यवस्थापन गर्ने व्यवस्था गरेको छ । यसरी हेर्दा अहिलेसम्म नतिजा दिन नसकेको पुरानै मोडेल नयाँ प्राधिकरणमा अपनाउन खोजिएको छ ।

प्राधिकरणको अध्यक्ष र दुईजना विज्ञ सदस्य नेपाल सरकारले नियुक्त गर्छ । राष्ट्र बैंकको कार्यकारी निर्देशक र सहकारी मन्त्रालयको सहकारी हेर्ने सहसचिव प्राधिकरणको सदस्य रहन्छन् । नियुक्ति प्रक्रियामा सिफारिस समितिको भूमिका रहेता पनि सरकारले चाहेका बेला उनीहरुलाई हटाउन सक्ने प्रावधान छ ।

सहकारी संस्था बचत रकम दुरूपयोग सम्बन्धी विशेष छानबिन प्रतिवेदन, २०८१ ले सहकारी प्राधिकरण गठन गर्न सरकारलाई सुझाव दिएको थियो । तर, अहिले संसदमा पर्याप्त छलफल नगरिकन संसद नै नबसेका बेला सरकारले हतार-हतार अध्यादेश ल्याउने काम गरेको छ । अध्यादेशमा भनिएको '५ लाखमुनिको बचत रकम फिर्ता' भन्ने प्रावधान पनि आँखामा छारो हाल्ने किसिमको छ । यो भनेको ५ लाख भन्दा कम बचतकर्ताको रकम सरकारले फिर्ता गर्ने भनेको होइन । त्यो बचत रकम सम्बन्धित सहकारीबाट फिर्ता गराउने र त्यसलाई प्राथमिकता दिने मात्र भनिएको हो । यो अभ्यास यसअघि पनि समस्याग्रस्त सहकारीबाट प्रयास गरिँदै आएको विषय हो । जसले समस्याको उचित समाधानको संकेत समेत दिन सकेको पाइँदैन ।

# बीआरआई परियोजना समयमै कार्यान्वयन गरिनुपर्नेमा जोड




**काठमाडौं/मस** – विभिन्न राजनीतिक दलका नेता एवं विज्ञहरूले बेल्ट एन्ड रोड इनिसिएटिभ (बिआरआई) परियोजना नेपाल र चीनको बृहत्तर हित र आर्थिक विकासका दृष्टिकोणले महत्त्वपूर्ण भएको बताएका छन् । बिआरआईले दुई देशबीचको सम्बन्धलाई थप प्रगाढ बनाउनुका साथै मुलुकको आर्थिक विकास र क्षेत्रीय साझेदारितालाई फराकिलो बनाउने उनीहरूको विश्वास छ । साथै बिआरआईबारेका भ्रम चिर्दै कार्यान्वयनतर्फ लैजानु उपयुक्त हुने विज्ञहरूको सुझाव छ ।

गिरिजाप्रसाद कोइराला फाउन्डेसन फर डेमोक्रेसी पिस एन्ड डेभलपमेन्ट, मदन भण्डारी फाउन्डेसन र नेपाल-चाइना फ्रेन्डसिप फोरमले संयुक्तरूपमा यहाँ आयोजना गरेको 'एडभान्सिङ नेपाल-चाइना कोअपरेसन आफ्टर द प्राइमिनिस्टर्स भिजिट टु चाइना' विषयक अन्तर्क्रियामा पूर्वपरराष्ट्रमन्त्री एवं गिरिजाप्रसाद कोइराला फाउण्डेसनका अध्यक्ष सुजाता कोइरालाले बिआरआई सम्झौता दुवै देशको हितमा रहेकाले समयमै कार्यान्वयन गरिनुपर्नेमा जोड दिइन् । उनले बिआरआई सम्झौताले नेपालको आर्थिक विकास, पूर्वाधार, शिक्षा, सञ्चारलगायत क्षेत्रमा सहयोग पुग्ने बताइन् ।

नेकपा (एमाले)का केन्द्रीय सदस्य विष्णु रिजालले बिआरआई सम्झौता राष्ट्रिय पार्टीहरूको साझा सहमतिका आधारमा गरिएको बताउँदै यी परियोजनाको समयमै कार्यान्वयन गरिनुपर्ने उल्लेख गरे । उनले बिआरआईमार्फत् मुलुकको विकास र कूटनीतिक सम्बन्धलाई बलियो बनाउन मद्दत पुग्ने धारणा राखे । नेपालका लागि चिनियाँ राजदूतावासका डेपुटी चिफ अफ मिसन वाङ छिनलेले बिआरआईलाई अनावश्यक प्रोपोगाण्डाको रूपमा ल्याइन नहुने धारणा राखे । नेपालले अरु देशहरूसँग जसरी सहयोग आदानप्रदान गरेको छ सोहीअनुरूप लिइदिन उनले अनुरोध गरे ।

कार्यक्रममा सिचुवान विश्वविद्यालयका भाइस डिन हुयान युन्संघले बिआरआई क्षेत्रीय हित र प्रवर्द्धनलाई ध्यान दिइ ल्याइएको बताए । बिआरआई परियोजनामार्फत गैरनाफामूलक लगानी गर्ने भनिएको छ । यो कार्यान्वयनपछि नेपालको जनताको जीवनस्तरमा उल्लेख्य सुधार आउने विज्ञहरूको अपेक्षा छ । नेपाल-चाइना फ्रेन्डसिप फोरमका अध्यक्ष डा. कल्याणराज शर्माले प्रधानमन्त्रीको चीन भ्रमणबाट दुई मुलुकको सम्बन्धमा नयाँ आयाम थपिएको बताए । नेपालको पर्यटन, पूर्वाधारलगायत क्षेत्रमा चीनबाट नेपालले फाइदा लिनसक्ने भएकाले यसलाई उपयोग गरिनुपर्नेमा जोड दिए ।

प्रधानमन्त्री केपी शर्मा ओलीले गत डिसेम्बर २ देखि ५ तारिखसम्म चीनको औपचारिक भ्रमणका दौरानमा 'बिआरआई फ्रेमवर्क सम्झौता' भएको थियो । चीनले आफ्नो विकास तथा अन्तरराष्ट्रिय सम्बन्धको मार्गदर्शक सिद्धान्तका रूपमा बिआरआईलाई अघि बढाइरहेको छ । नेपालले सन् २०१४ मा परियोजनामा सैद्धान्तिक सहमति जनाएको थियो । सन् २०१७ मे २१ मा बिआरआईसम्बन्धी समझदारीपत्र (एमओयु) मा नेपालले हस्ताक्षर गरेको थियो ।

# ग्लोबल आइएमईद्वारा प्रदेशमा बृहत् प्रभातफेरि



**काठमाडौं/मस** – ग्लोबल आइएमई बैंक लिमिटेडले १८औँ वार्षिकोत्सवमा देशव्यापी प्रभातफेरि कार्यक्रम आयोजना गरेको छ । जनमानसमा वित्तीय साक्षरता तथा बैंकिङ सचेतना अभिवृद्धिको लागि संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत बैंकले सात वटै प्रदेशका मुख्य शहरहरुमा प्रभातफेरि कार्यक्रमको आयोजना गरेको हो ।

काठमाडौंमा आयोजित प्रभात फेरिमा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष तथा ग्लोबल आइएमई बैंकका अध्यक्ष चन्द्रप्रसाद ढकाल, बैंक सञ्चालक समिति सदस्यहरू, बैंक उच्च व्यवस्थापनसहित १५ सयभन्दा बढी कर्मचारीको उपस्थिति रहेको थियो । वित्तीय साक्षरता तथा बैंकिङ शिक्षामूलक प्लेकार्ड तथा व्यानरसहित प्रभातफेरिमा उपस्थित कर्मचारीहरूले काठमाडौंको कान्तिपथस्थित शाखा कार्यालयबाट हिंड्दै शहरको मुख्य-मुख्य भागको परिक्रमा गरेका थिए भने काठमाडौं उपत्यका बाहिर मुख्यमुख्य सहरहरू परिक्रमा गरेका थिए ।

# रुग्ण उद्योग संचालन गर्न व्यवसायीको आग्रह



**नवलपरासी/मस** – नवलपरासी (बर्दघाट-सुस्तापूर्व)को गैंडाकोटमा भेला भएका उद्योग व्यवसायीले देशभरका रुग्ण उद्योग पुनःसञ्चालनमा ल्याउन सरकारसँग आग्रह गरेका छन् । दुई दिनसम्म सञ्चालन भएको नेपाल उद्योग तथा व्यवसाय महासंघको राष्ट्रिय विस्तारित बैठकले उत्पादन बन्द भई रुग्ण अवस्थाका उद्योग सञ्चालन गर्न सरकारसँग आग्रह गरेको हो ।

भेलाले तयार पारेको नौ बुँदे 'नवलपुर चितवन घोषणापत्र' आइतबार सार्वजनिक गर्दै राष्ट्रिय भेला संयोजक डा. तिलचन्द्र भट्टराईले गैंडाकोटको भृकुटी कागज कारखानालगायत देशभर बन्द अवस्थाका सबै उद्योगलाई सरकार र निजी क्षेत्रको साझेदारी अवधारणामा पुनः सञ्चालनमा ल्याउन सरकारसँग अनुरोध गरे । उद्योग व्यवसायीले राष्ट्रिय पुँजी निर्माण गर्न उत्पादन र उत्पादकत्वमा वृद्धि गर्दै कानूनसम्मत रुपलले व्यवसाय सञ्चालन गर्न चाहे पनि ऐन, कानून र नियमावलीका कारण समस्या भएकाले राज्यले सहज किसिमले समस्या समाधान गरिदिन भट्टराईले आग्रह गरे ।

राष्ट्रिय पूँजी निर्माण गरी 'समृद्ध नेपाल सुखी नेपाली'को परिकल्पना सार्थक बनाउन नेपालका आर्थिक समृद्धिका प्रमुख स्रोतहरु कृषि, पर्यटन, जलस्रोत, आइटी र खनिज क्षेत्रको विकास र न्यायोचित वितरण गर्नुपर्ने बताए । नेपालको धार्मिक पर्यटनको सम्भावना बोकेको देवघाटधाम, नारायणी नदी, त्रिवेणीधामसँगै अयोध्यापुरी र राम जन्मभूमिलगायत क्षेत्रलाई समेटी राष्ट्रिय गौरवको आयोजना सञ्चालन गर्नुपर्ने घोषणापत्रमा उल्लेख गरिएको छ ।

महत्वपूर्ण धार्मिक पर्यटकीय र ऐतिहासिक क्षेत्रमा कुनैपनि फोहरजन्य पदार्थ विसर्जन नगर्ने गरी यसको शुद्धता कायम गर्दै पर्यटकीय आर्थिक क्षेत्रको रुपमा विकास गर्न माग गरिएको छ । त्यस्तै, कोरोला नाकासहित गण्डकी करिडोरलाई व्यवस्थित गर्न तीन तहकै सरकारसँग आग्रह गरिएको छ। नेपालको उत्तर दक्षिणमा रहेका दुई छिमेकीमूलुक भारत र चीन जोड्ने सबैभन्दा छोटो दूरीमा पर्ने केरुङ रसुवागढी हुँदै माडी ठोरीसम्मको द्रुतमार्ग निर्माण गरी यो क्षेत्रलाई आन्तरिक र बाह्य व्यापारको प्रमुख व्यापारिक केन्द्र (ट्रेडिङ हब) बनाउन घोषणापत्रमार्फत् अपिल गरिएको छ ।

दुई ठूला प्रमुख राजनीतिक दल सहभागी भइ निर्माण भएको सरकारले छोटो समयमा नै आर्थिक क्षेत्रमा देखिएको अन्योलग्रस्त अवस्थालाई सकारात्मक दिशातर्फ उन्मुख गराउने गरी आशाका किरण प्रवाह गर्न थालेकोप्रति उद्योग व्यवसायीले खुसी व्यक्त गरेका छन् । अझै पनि लगानीको वातावरण निर्माण नभइसकेको भन्दै राष्ट्रिय भेलाले आर्थिक गतिविधिमा अवरोध ल्याउने विरोधाभासपूर्ण ऐन कानून र नियमावली संशोधन गर्दै व्यवसायमैत्री कर प्रशासन ल्याउन माग गरेको छ ।

दुई दिनसम्म चलेको भेलाले उद्योग व्यवसायीका वर्तमानका चुनौतीलाई सामना गर्दै अवसरको रुपमा विकास गर्नसक्ने चुस्तदुरुस्त संगठन निर्माण गर्न विधान परिमार्जन गरिएको महासंघका संयोजक भागिरथ सापकोटाले बताए । देशभरबाट करिब तीन सय ५० प्रतिनिधि सहभागी भएको भेलाको उद्घाटन नेकपा (एमाले)का महासचिव शंकर पोखरेलले गरेका थिए ।


## बेदकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
सिसैया, कन्चनपुर
सुदुरपश्चिम प्रदेश, नेपाल

**बोलपत्र प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना**

(प्रकाशित मितिः २०८१/०९/१६)

यस कार्यालयबाट प्रकाशित निम्न ठेक्का सम्बन्धी सुचना र तत्पश्चात रितपूर्वक दर्ता भएका बोलपत्र उपर कारबाही हुदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ ।

| सि. न. | ठेक्का संकेत न. | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (भ्याट र पी.एस. सहित) | कैफियत |
|---|---|---|---|---|
| 1 | BED/NCB/BW/081/82-02, Construction of Cold Store (Superstructure works) | M/S Jay Laxmi CCS JV Mahendranagar Kanchanpur | NRS. 2,23,08,576.57 | |
| 2 | 5/BED/NCB/BTR/2081/082, Sisaiya Rajmarga Dekhi Mul Nahar Hudai Bhindi Chauraha Samma Sadak Kalopatre & Ghorsuwa Ghat Bato Kalopatre | M/S Shree New Bashuling Construction, Bhimdatt 2 Kanchanpur | NRS. 29,61,148.14 | |

प्रमुख प्रशासकीय अधिकृत



Government of Nepal
Ministry of Physical Infrastructure and Transport
Department of Roads
## Federal Highway Supervision and Monitoring Office
Road Division Baitadi

**Notice of Intention to Award Contract**

**Date of Publication: - 2081/09/16**

Road Division Baitadi hereby notifies and intends to award the following listed contracts and publish this notice to all concerned bidders regarding our *Bid Notice No. IFB-081/82-05* (Published on Nagarik National Daily Dated 2081/07/29) in accordance with ITB Clause 39 and Public Procurement Act 2063 Clause 27.2, 27.3 and for the purpose of clause 47.

| S.N. | Contract No. | Name and Address of Bidder | Total Bid Amount including VAT & PS (NRs) |
|---|---|---|---|
| 1. | RDBTD/33701169/081/82-27 | M/S Ayer Brothers Nirman Sewa, Kalanki-14, Kathmandu | 69,07,381.03 |
| 2. | RDBTD/337310113/081/82-18 (Re) | M/S Indradhanu Nirman Sewa Pvt.Ltd, Baitadi | 34,293,515.45 |

**Division Chief**


प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः कमलपोखरी, काठमाडौं, फोनः ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेलः **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रकः** एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**